# महालेखापरीक्षकको
# वार्षिक लेखापरीक्षण प्रतिवेदन
# २०७७

## जयपृथिवि नगरपालिका
## बझाङ




महालेखापरीक्षकको कार्यालय
काठमाडौँ, नेपाल

महालेखापरीक्षकको कार्यालय
**(प्रदेश नं.५,कर्णाली र सुदूरपश्चिम प्रदेश लेखापरीक्षण महानिर्देशनालय)**

पत्र संख्याः २०७६।७७ मितिः २०७७/०३/२६
च.नं.

विषयः लेखापरीक्षण प्रतिवेदन ।

श्री प्रमुखज्यू,
जयपृथिवि नगरपालिका
नगरपालिकाको कार्यालय,
बझाङ ।

नेपालको संविधानको धारा २४१ बमोजिम त्यस कार्यपालिकाको आर्थिक वर्ष २०७५।७६ को लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) बमोजिम यो प्रतिवेदन जारी गरिएको छ । उक्त प्रतिवेदन लेखापरीक्षण ऐन, २०७५ को दफा २०(३) र दफा २२ बमोजिम कारबाहीको लागि अनुरोध छ ।

..........................
(चन्द्रकान्त भण्डारी)
नायव महालेखापरीक्षक

**महालेखापरीक्षकको कार्यालय**
**(प्रदेश नं.५,कर्णाली र सुदूरपश्चिम प्रदेश लेखापरीक्षण महानिर्देशनालय)**

पत्र संख्या : २०७७।७८
च.नं मितिः २०७७।३।२६

श्री प्रमुखज्यू,
जयपृथिवि नगरपालिका,नगर कार्यपालिकाको कार्यालय
बझाङ ।

**विषयः लेखापरीक्षण प्रतिवेदन**

### कैफियत सहितको राय

हामीले जयपृथिवि नगरपालिकाको आर्थिक वर्ष २०७५।७६ को वित्तीय विवरण र त्यससंग सम्बन्धित अन्य बिबरण तथा लेखा टिप्पणीहरुको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेश भएको २०७६ आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७५।७६ को बित्तिय विवरण र त्यससंग सम्बन्धित अन्य बिबरणले स्थानीय तहसंग सम्बन्धित प्रचलित कानून बमोजिम सारभूत रुपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

### कैफियत सहितको राय व्यक्त गर्ने आधार

१. पालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्बजनिक क्षेत्र लेखामानको ढाँचा प्रयोग गरी बित्तिय बिबरण तयार गरेको छैन ।

२. लेखापरीक्षणबाट रु. २ करोड ७७ लाख ५३ हजार बेरुजू देखिएको छ । सोमध्ये असुल गर्नुपर्ने रु.५३ लाख ६२ हजार, नियमित गर्नुपर्ने रु. ३९ लाख २१ हजार , प्रमाण कागजात पेश गर्नुपर्ने रु.१ लाख ५१ हजार र रु १ करोड ८३ लाख १९ हजार पेश्की बाँकी रहेको छ ।

३. लेखापरीक्षणमा देखिएका व्यहोराहरुका सम्बन्धमा मिति २०७६।६।७ मा जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्रतिकृया प्राप्त हुन नआएकोले उक्त प्रारम्भिक प्रतिवेदनमा उल्लेखित सबै दफा बेरुजु फछ्र्यौट नभई कायम व्यहोराको अन्तिम प्रतिवेदन पाना २२ (बाईस) यसैसाथ संलग्न छ ।

४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसंग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसंग हामी स्वतन्त्र छौं । त्यसका लागि स्वीकृत आचार संहिता अनुसार हामीले काम गरेका छौं । लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरु हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ ।

### वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी

आर्थिक कार्यबिधि तथा बित्तिय उत्तरदायित्व ऐन, २०७६ र स्थानिय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तिका कारण वित्तीय विवरण सारभूत रुपमा गलत आँकडा रहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ । नगर कार्यपालिका, नगर प्रमूख र प्रमुख प्रशासकिय अधिकृत नगरपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन् ।

### वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ति समेतका कारण सारभूत रुपमा गलत आँकडा रहित रहेको होस् भनि उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो । लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्यस्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसंग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ति पत्ता लगाउन सक्ने निश्चितता भने हुदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विषेश वा जालसाजीजन्य वा अन्य गल्तिलाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।

(चन्द्रकान्त भण्डारी)
नायव महालेखापरीक्षक

# महालेखापरीक्षकको भनाई



(टंकमणि शर्मा, दंगाल)
**महालेखापरीक्षक**

नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीयतहका सबै सरकारी कार्यालयको लेखापरीक्षण नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यको आधारमा महालेखापरीक्षकबाट हुने व्यवस्था छ । लेखापरीक्षण ऐन,२०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक गाउँपालिका र नगरपालिकाको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्था बमोजिम स्थानीय तहको आर्थिक वर्ष २०७५/७६ को आर्थिक कारोवारको लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन तयार गरिएको छ ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, सरकारी लेखापरीक्षण मानदण्ड, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीयतह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र निकायसंग सम्बन्धित ऐन नियम समेतको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको प्रमुख उद्देश्यहरुमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानूनको पालना, बजेट तथा योजना तर्जुमा एबं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी र जवाफदेहिता एवं सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु रहेको छ । त्यसैगरी स्रोत साधनको प्राप्ति र उपयोग सम्बन्धमा प्रचलित कानूनको पालना भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रस्तुत गरी सुशासन प्रवर्द्धनमा टेवा पुऱ्याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ ।

आर्थिक वर्ष २०७५/७६ को लेखापरीक्षण सम्पन्न भए पश्चात जारी प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका बिषयहरु मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन जारी गरिएको छ । प्रतिवेदनमा दिएका सुझावहरुको कार्यान्वयनबाट स्थानीय तहमा रहेको सीमित स्रोत साधनको उपयोग गरी विकास निर्माण र सेवा प्रवाहमा मितव्ययिता, दक्षता र प्रभावकारिता हासिल गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ । फलस्वरुप स्थानीय तहको कार्यसम्पादनमा जवाफदेहिता र पारदर्शिता प्रवर्द्धनमा हुने विश्वास लिइएको छ ।

लेखापरीक्षणबाट मूलतः स्थानीय तहमा प्राप्त हुने अनुदान, आन्तरिक आय र राजश्व बाँडफाँडको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आयतर्फ संकलन न्यून रहेको, बजेट अनुशासन कमजोर रहेको, अवण्डा बजेट राखेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरी अनुमोदन गर्ने गरेको, बर्षान्तमा बढी खर्च गरेको, अत्यधिक प्रशासनिक खर्च गरेको,वितरणमुखी खर्चको बाहुल्यता रहेको जस्ता प्रवृति देखिएका छन । त्यसैगरी विकास निर्माण तर्फ योजना प्राथमिकीकरण नगरेको, साना तथा टुक्रे आयोजनाको छनौट गरेको, जटिल प्रकृतिका कार्यहरु समेत उपभोक्ता समितिबाट गराएको, तोकिए बमोजिम जनसहभागिता नजुटेको, दीगो विकासका लक्ष्य अनुरुप योजना र कार्यक्रम तर्जुमा नगरेको, दीर्घकालिन विकासको खाका तर्जुमा नभएको जस्ता समस्या रहेका छन । स्थानीयतहको आन्तरिक व्यवस्थापन तर्फ आवश्यक सीपयुक्त जनशक्तिको कमी रहेको, सेवाप्रवाहमा अपेक्षित सुधार हुन नसकेको, श्रोत साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, संचालित योजना, कार्यक्रम, सेवा प्रवाहको अभिलेख नराखेको, लेखांकन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको छ । साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ । गतविगतमा लेखापरीक्षणबाट औल्याएका व्यहोराहरु सुधार तथा बेरुजू उपर अपेक्षित रुपमा आवश्यक कारवाही भए गरेको समेत देखिएन् ।

समय र जनशक्तिको सीमितताको वावजुद यथासम्भव स्थानीयतहको कार्यस्थलमा नै उपस्थित भै लेखापरीक्षण गर्ने प्रयास गरिएको थियो । लेखापरीक्षणको क्रममा स्थानीयतहका प्रमुख सहितका पदाधिकारीहरुसँग छलफल समेत गरिएको थियो । लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापनमा सुधार हुने, भौतिकपूर्वाधार र सेवाप्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरु र लेखापरीक्षण तथा प्रतिवेदन तयारीमा संलग्न यस कार्यालयका कर्मचारीहरु सबैलाई धन्यवाद ज्ञापन गर्दछु । आगामी दिनमा समेत यस्तै सहयोगको अपेक्षा गर्दछु ।

२०७७ अषाढ २६ गते ।

## जयपृथिवि लगरपालिका,बभाङ
## लेखापरीक्षण प्रतिवेदन
## २०७५।७६

**परिचय :** स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्दै र स्थानीय सरकारको रुपमा कार्य संचालन गर्न जयपृथिवि नगरपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने हरेक कार्यमा सहकारिता, सहअस्तित्व र समन्वयलाई प्रर्वद्धन गर्नु र स्थानीय सरकारका हरेक काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई लाभको वितरणमा सुलभ र गुणस्तरीय सेवा प्रदान गर्नु हो । सुदुर पश्चिम प्रदेशमा अवस्थित यस जयपृथिवि नगरपालिका अन्तर्गत ११ वटा वडा रहेका छन् । १६६.७९वर्ग कि.मी. क्षेत्रफल र २२,१९१ जनसंख्या रहेको यस नगरपालीकामा ५८.५९ प्रतिशत गरीवी रहेको छ ।

**स्थानीय संचितकोषः** आर्थिक वर्ष २०७५।७६ स्थानीय संचित कोष आय-व्यय हिसाबको संक्षिप्त अवस्था निम्न वमोजिम रहेको छ :

| सि.नं. | आयतर्फ | | सि.नं. | व्ययतर्फ | |
|---|---|---|---|---|---|
| | विवरण | रकम | | विवरण | रकम |
| १ | **गत वर्षको जिम्मेवारी** | **४२००५३७६.५६** | १ | **चालु खर्च** | **९३४६०१०.००** |
| | क) नगद | | २ | **पूँजीगत खर्च** | **११३५५६२९५.०३** |
| | ख) बैंक | ४२००५३७६.५६ | ३ | **शसर्त अनुदान तर्फको खर्च** | **२३६१०३३००.६७** |
| २ | **राजस्व (आन्तरिक आय)** | **६२७३१६७१.६६** | | (क)पूजिगत | ५००००००.०० |
| | क) आन्तरिक राजस्व | ७९२५३७५.३५ | | (ख) चालु | २३११०३३००.६७ |
| | ख) राजस्व बाँडफाँड | ५४८०६२९६.३१ | ४. | **विषय गत शसर्त तर्फ खर्च** | **६३११०९५८.९०** |
| | ग) अन्य आय | - | ५ | **वित्तीय व्यवस्था भुक्तानी** | |
| ३ | **वित्तीय हस्तान्तरण** | **४३७९४७१४१.५७** | | क) ऋण भुक्तानी | |
| | क)वित्तीय समानीकरण अनुदान | १३००००००.०० | | ख) ब्याज भुक्तानी | |
| | ख) सशर्त अनुदान | २३६१०३३००.६७ | | ग) अन्य भुक्तानी | |
| | ग) समपूरक अनुदान | ८७३२८८२.०० | ६ | **लगानी** | |
| | घ) विशेष अनुदान | ०० | | ऋण लगानी | |
| | ङ) विषय गत सशर्त अनुदान | ६३११०९५८.९० | | शेयर लगानी | |
| ४ | **प्रदेश सरकारबाट प्राप्त अनुदान** | **६८९२०००.००** | | अन्य लगानी | |
| | क)वित्तीय समानीकरण अनुदान | ६८९२०००.०० | ७ | **धरौटी फिर्ता** | **७७४०५४.१७** |
| | ख) राजस्व बाँडफाँड | ०० | ८ | **विभिन्न कोष तर्फको खर्च** | **८२१२६२७३.५४** |
| | ग) समपूरक अनुदान | ०० | ९ | **अन्य खर्च (समपुरक)** | **८७३२८८२.००** |
| | घ) विशेष अनुदान | ०० | १० | **युनिसेफ तर्फ** | **२१२३७३०.००** |
| ५ | **अन्तर स्थानीय तहबाट प्राप्त** | | ११ | **ओ.डि.एफ. खर्च** | |
| ६ | **वित्तीय व्यवस्था प्राप्ति** | | १२ | **अर्थ वजेट** | |
| | क) ऋण प्राप्ति | | १३ | **मौज्दात** | **४४११६३१५.२६** |
| | ख) साँवा प्राप्ति | | | क) नगद मौज्दात | ९०५९२५.०० |
| | ग) ब्याज प्राप्ति | | | ख) बैंक मौज्दात : | ४५१९०१४७.९२ |
| | घ) अन्य प्राप्ति | | | ग) चेक साट्न वाँकी | (४६,७३,७४७/६३) |
| ७ | **जनसहभागिता (नगद)** | | | घ) धरौटी मौज्दात | २३२१३७२.८९ |
| ८ | **सडक वोँड** | **३९१५७२९.००** | | (ङ) खातामा जम्मा हुन वाँकी धरौटी | ३७२६१७.०८ |
| ९ | **धरौटी आय** | **१४३११९०.७८** | | | |
| १० | **लगानीको साँवा फिर्ता** | | | | |
| ११ | **अन्य विविध आय(नेपाल पर्यटन वोँड,युनिसेफ र अन्य कोषको आय)** | **५०६६७१०.००** | | | |
| | **जम्मा** | **५५९९८९८१९.५७** | | **जम्मा** | **५५९९८९८१९.५७** |

| दफा नं. | लेखापरीक्षणबाट देखिएका व्यहोरा | रकम |
|---|---|---|
| १. | **खर्च गर्ने अख्तियारी :** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७३ वमोजिम सभावाट वजेट स्वीकृत भएको सात दिन भित्र प्रमुख वा अध्यक्षले प्रमुख प्रशासकीय अधिकृतलाई वजेट खर्च गर्ने अख्तियारी प्रदान गर्ने व्यवस्था छ । त्यसैगरी अख्तियारी प्राप्त भएको १५ दिनभित्र प्रमुख प्रशासकीय अधिकृतले सम्वन्धित महाशाखा वा शाखा प्रमुख र वडा सचिवलाई कार्यक्रम र वजेट सहित प्रचलित कानून बमोजिम खर्च गर्ने अख्तियारी दिनुपर्ने उल्लेख छ । यो वर्ष नगरपालिकाको सभाले २०७५।०३।१६ मा बजेट स्वीकृत गरेकोमा नगर प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई रु.४७ करोड १४ लाख ७१ हजारको वार्षिक वजेट, योजना तथा कार्यक्रमको अख्तियारीप्रदान गरेको देखिन्छ । | |
| २. | **वजेट पेश गर्ने तथा पारित गर्ने**: स्थानीय तह संचालन ऐन, २०७४ को दफा ७१ वमोजिम स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकावाट स्वीकृत गराई आषाढ १० गते भित्र सभामा पेश गर्नुपर्ने व्यवस्था छ । आय व्ययको अनुमान साथ गत वर्षको वास्तविक आय व्यय, चालु आर्थिक वर्षको अन्तिम सम्ममा हुने आय व्ययको संशोधित अनुमान तथा आगामी आर्थिक वर्षको योजना तथा कार्यक्रम र आय व्ययको अनुमानित विवरण सभामा पेश गरी १५ दिन भित्र छलफल सम्पन्न गरी आषाढ मसान्तभित्र पारित गर्नुपर्ने व्यवस्था रहेको छ । नगरपालिकाले यो वर्षको वजेट २०७५।३।१० मा पेश गरी १६ गते वजेट स्वीकृत गरेको छ । | |
| ३. | **बैक हिसाव** :कार्यालयले पेश गरेको २०७५ आषाढ मसान्तको बैंक ब्यालेन्स सर्टिफिकेट अनुसार धरौटी समेत विभिन्न पाँच वटा खाताको बैंक मौज्दात रु.४,८७,९०,०६२।८९ देखिएको छ । आ.व को अन्तसम्ममा वैंकमा जम्मा नभएको धरौटी ३,७२,६१७।०८ र विभिन्न व्यक्तिसंग रहेको नगद मौज्दात रु ९,०५,९२५। समेत १२,७८,५४२।०८ मौज्दात विवरणमा उल्लेख गरीएको उक्त रकम बैंकमा जम्मा गर्नु पर्दछ । नगरपालीकाले आषढ मसान्तमा धेरै भुक्तानी गरेको कारण उल्लेखनियरुपमा चेक साट्न वाँकी रहेको स्पष्ट हुन्छ । तसर्थ आषाढ मसान्तमा पेश्की दिने तथा भूक्तानी खर्च लेख्ने प्रवृतिमा सुधार गरी वार्षिक कायंक्रम अनुसार चौमासिक रुपमा खर्च गर्नु गराउने तर्फ ध्यान दिनु पर्दछ । | |
| ४. | **आय व्ययको लेखा :** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७२(२) मा नगरपालिकाले नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गिकरण तथा खर्च शीर्षक सम्वन्धी व्यवस्था अवलम्वन गर्नुपर्ने उल्लेख छ ।कार्यालयले यो वर्ष एकल खाता कोष प्रणालीबाट सञ्चालन गरी भुक्तानी गर्नुपर्ने सामाजिक सुरक्षा भत्ता, गरिवसँग विश्वेश्वर, वहुक्षेत्रीय पोषण, स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रमको वजेट स्थानीय तहको सञ्चित कोषमा जम्मा गरेर खर्च गरेको छ । चालु र पूँजीगत खर्च शीर्षकमा विनियोजित रकम लगायतको विभिन्न शिर्षकको शिर्षकगत आम्दानी,खर्च र मौज्दात यकिन हुने गरी एकिकृत आय/व्यय विवरण तयार गर्नु पर्दछ । | |
| ५. | **खर्च सम्वन्धी कार्यविधि :**आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ३६(३) मा विल भर्पाइ सहितको लेखा राख्नुपर्ने व्यवस्था रहेको छ । त्यसैगरी सोही नियमको उपनियम ८ मा कुनै रकमको भुक्तानी दिँदा रित पुगे वा नपुगेको जाँच गर्नुपर्ने उल्लेख छ । खर्च भएका सवै विल भरपाईमा सिलसिलेवार नम्वर राखी कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्ने व्यवस्था रहेको छ । कार्यालयले यो वर्ष गरेका कतिपय खर्चको विलभरपाई र कागजातहरु प्रमाणित नगरेको, सिलसिलेवार नराखेको, खर्चको पुष्ट्याई नदेखिएको, तेरिज नमिलाएकोले सवै भुक्तानीमा संलग्न विल भरपाई तथा कागजातहरु यथार्थ भए नभएको सम्वन्धमा आश्वस्त हुन सकिएन । | |
| ६. | **मध्यकालिन खर्च संरचना :** अन्तर–सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ मा स्थानीय तहले प्रत्येक आर्थिक वर्षमा आ–आफ्नो कार्यक्षेत्रभित्रका विषयहरुमा हुने सार्वजनिक खर्चको अनुमानित विवरण तयार गर्दा आगामी तीन वर्षमा हुने खर्चको प्रक्षेपण सहित मध्यकालिन खर्चको संरचना तयार गर्नुपर्ने उल्लेख छ । नगरपालिकाले सार्वजनिक खर्च | |

| | | |
|---|---|---|
| | व्यवस्थापनलाई प्रभावकारी बनाउने यस्तो विधि कार्यान्वयनमा ल्याएको छैन । खासगरी स्रोत छर्ने प्रवृत्तिलाई नियन्त्रण गर्न, स्रोतसाधनलाई प्राथमिकता प्राप्त क्षेत्रमा प्रवाह गर्न तथा योजनाहरुलाई लाभलागत विश्लेषण गरी लागत प्रभावकारी बनाउन मध्यकालिन खर्च संरचनालाई कार्यान्वयन गर्न कार्यालयले ध्यान दिनु पर्दछ । | |
| ७. | **वजेट सीमा निर्धारण समिति :** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६६(१) वमोजिम नगरपालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडवाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र वजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, वजेटको कूल सीमा, वजेटको क्षेत्रगत सीमा निर्धारण, वजेट तथा कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत वजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र वजेट प्रक्षेपण गर्दा आगामी आर्थिक वर्षपछिको थप दुई वर्षको समेत गर्नुपर्ने साथै त्यसरी तयार भएको आगामी आर्थिक वर्षको वजेट सीमा प्रमुख प्रशासकीय अधिकृतले चैत्र १५ गतेभित्र नगरपालिकाका विषयगत शाखा तथा वडा समितिलाई उपलब्ध गराउनुपर्ने कानूनी व्यवस्था रहेकोमा नगरपालिकाले समितिको गठन गरेको जनाएता पनि सो अनुरुप कार्य गरेको देखिएन । नियम तथा कार्यविधिको पालनामा सम्वन्धित पदाधिकारीको ध्यान जानुपर्दछ । | |
| ८. | **वजेट तथा कार्यक्रम तर्जुमा :** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय वजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, वजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादम्यता तथा परिपूरकता कायम गर्नुपर्ने व्यवस्था छ । यो नगरपालिकाले सो समिति गठन गरी आगामी वर्षको वजेट तथा कार्यक्रम तर्जुमा गरेतापनि आगामी अर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकिकरण, कार्यक्रमवीच परिपूरकता कायम गरेको नपाइएकोले सो सम्बन्धमा उचित ध्यान दिनु जरुरी छ । | |
| ९. | **स्रोत नक्सांकन :**स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम प्रत्येक स्थानीय तहले आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अबस्था, प्राकृतिक श्रोत अर्न्तगत खानी, जंगल तथा अन्य श्रोत, रोजगारीको अवस्था कूल आन्तरिक उत्पादन, प्रतिव्यक्ति आय, मानव विकास सूचकांक, लैङ्गिक सशक्तिकरण सूचकांक, पूर्वाधार अर्न्तगत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा स्रोत नक्सांकन वा प्रोफाईल तयार गर्नुपर्ने व्यवस्था रहेको छ । कार्यालयले आन्तरिक स्रोत परिचालनलाई प्रभावकारी बनाउन व्यवस्थित ढंगबाट सम्पूर्ण विवरण खुल्ने गरी त्यस्तो स्रोतको नक्सांकन वा प्रोफाइल तयार गरेको देखिएन । | |
| १०. | **बक्यौता रकम असुली** : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ९ मा वित्तीय अधिकार क्षेत्र अर्न्तगत विभिन्न कर तथा शूल्क लगाउने र आय ठेक्का वापत वक्यौता रकम समेत असुली गर्ने व्यवस्था छ ।कार्यालयले यो वर्ष उठ्नूपर्ने रकमको आयगत लगत तयार गरेको छैन । आय ठेक्का, सम्पत्ती विक्री, भूमि कर, घरजग्गा बहाल कर, व्यवसाय कर, कवाडी कर, सेवा शूल्क तथा दस्तुरको वडागत लगत तयार नगरेकोले बक्यौता देखिन सक्ने अवस्था रहेन । उठ्नुपर्ने राजस्वको समष्टिगत लगत तयार गरी उठ्नुपर्ने र वास्तविक प्राप्तिको अभिलेख तयार गर्नुपर्ने र सोही अनुसार आयको लेखाङ्कन तथा प्राप्त हुनुपर्ने आयको लेखा हिसाव तयार गर्ने तर्फ विशेष रुपमा ध्यान दिनुपर्दछ । | |
| ११. | **स्थानीय कानून निर्माण :** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन वनाउन सक्ने उल्लेख छ ।नगरपालिकाले यो वर्ष सालवसाली ऐन २ वटाकार्यान्वयनमा ल्याएको देखिन्छ । ऐन कार्यान्वयनमा सघाउपुऱ्याउन २ वटा कार्यविधि निमाण गरेको छ । नगरपालिकाले आफ्नो अधिकार क्षेत्रभित्र रहेर स्थानीय आवश्यकता र कार्यान्वयन क्षमताका आधारमा आवश्यक ऐन, नियम, कार्यविधि, निर्देशिका वनाई तिनीहरुको प्रभावकारी कार्यान्वयनमा तर्फ जोड दिनु पर्दछ । | |
| १२. | **खरिद योजना तथा इकाई :**सार्वजनिक खरिद ऐन, २०८३ को दफा ६ मा सार्वजनिक निकायले तोकिएको सीमा भन्दा बढि रकमको खरीद गर्दा तोकिए बमोजिम खरिदको गुरुयोजना र बार्षिक खरीद योजना तयार गर्नुपर्ने व्यवस्था छ । त्यस्तै सार्वजनिक खरिद ऐन २०६३ को दफा ७(३) मा | |

| | | |
|---|---|---|
| | कार्यालयका लागि एक खरिद ईकाई गठन गर्नुपर्ने उल्लेख छ । कार्यालयले यो वर्ष बार्षिक खरिद योजना तयार गरेको नदेखिएकोले बर्षभरी कुन कुन सामान कति परिमाणमा आवश्यक पर्ने, कति सामान कहिले खरीद गर्ने र त्यसको उपयुक्त खरीद प्रकृया विधि के हुने जस्ता खरिद व्यवस्थापनका महत्वपूर्ण पक्षहरु सहितको कुनै योजनानहुँदाआवश्यकता बमोजिम खरीद गर्दै गएको एवं सार्वजनिक खरीद ऐन र नियमावलीको विपरित तोकिएको सीमा नाघ्न गई खरीद नियम तथा विधी विपरित हुन गएको, खरिद प्रक्रियामा सवैलाई सहभागी हुने समान अवसर सुनिश्चितता नदेखिएकोले कार्यालयले खरिद व्यवस्थानमा विशेष ध्यान दिनुपर्ने देखिन्छ । त्यसैगरी खरिद इकाई गठन गरेको देखिएन । खरिद इकाई गठन नहुँदा खरिद कार्यको कमिकमजोरीहटाई मालसामान, निर्माण कार्य, परामर्श सेवा र अन्य सेवाको खरिदको गुणस्तर अभिवृद्धि गरी सोसम्वन्धी जिम्मेवारी बहन गराउन कठिन हुन्छ । तसर्थ व्यवस्थित खरिद कार्यको लागि खरिद इकाई गठन गर्न कार्यालयले ध्यान दिनु पर्दछ । | |
| १३. | **प्राविधिक विल सम्वन्धमा :** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ विल वा अन्य कुनै विल विजकको भुक्तानी गर्दा प्राविधिक नाँपजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ । उपभोक्ता समितिहरुबाट सञ्चालित योजनाको ठेक्का विलहरुमा लागत अनुमान र वास्तविक कामको मूल्यांकनमा बरावर परिमाण र रकम उल्लेख भएको देखिन्छ । यसरी काम गर्ने क्रममा लागत अनुमान भन्दा वास्तविक काममा केहि न केहि मात्रामा कम अथवा बढि हुने नै गर्दछ । तसर्थ लागत अनुमान वरावर नै मूल्यांकन भएको देखिएकोले वास्तविक काम कति भएको हो भन्ने सम्वन्धमा आश्वस्त हुन सक्ने अवस्था देखिएन । प्राविधिकले पेश गर्ने कार्यसम्पन्न प्रतिवेदनमा कार्यसम्पन्न गर्नुपर्ने मिति र कार्यसम्पन्न भएको मिति उल्लेख गरेको पाईएन । यसले गर्दा कुन काम कहिले सम्पन्न गर्नुपर्ने र तोकिएको अवधिमा सम्पन्न भए/नभएको विषयमा यकिन गर्न नसकिएको हुँदा प्राविधिकले उपभोक्ता समितिको विल वनाउँदा नापजाँच गरी वास्तविक कार्यसम्पादनका आधारमा बनाउनु पर्दछ । | |
| १४. | **विल वा विजकको भुक्तानी सम्बन्धमा :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३(८) मा विल वा विजकको भुक्तानीमा आपूर्तिकर्ता, निर्माण व्यवसायी, सेवाप्रदायक वा परामर्शदातालाई पच्चीस हजार रुपैयाभन्दा बढी रकम भुक्तानी गर्दा एकाउण्ट पेयी चेकको माध्यमवाट भुक्तानी गर्नुपर्ने व्यवस्था छ । कतिपय कार्यक्म्मा कार्यालयले विभिन्न आपूर्तिकर्तालाई रकम भुक्तानी गर्दा कर्मचारीले पेश्कि लिई नगद भुक्तानी गरेको देखिन्छ । नियमको पलानामा कार्यालयको ध्यान जानु पर्दछ । | |
| १५. | **सञ्चित कोषको चौमासिक विवरण :** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७६(५) मा नगरपालिकाले स्थानीय सञ्चित कोषमा भएको आयव्ययको चौमासिक शीर्षगत विवरण तयार गरी संघीय अर्थ मन्त्रालय, प्रदेश अर्थ मन्त्रालय, मन्त्रालय तथा राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगमा पठाउनुपर्ने व्यवस्था रहेको छ । कार्यालयले यो वर्ष सञ्चित कोषको चौमासिक हिसाव तालुक निकायमा पठाएको देखिएन । तहगत अनुगमन व्यवस्थालाई क्रियाशील बनाउन कानून बमोजिमका विवरणहरु तालुक निकायहरुमा पठाउनु पर्दछ । | |
| १६. | **लक्ष्य प्रगतिको स्थिति :**आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २४ मा चौमासिक प्रगति विवरण पेश गर्ने व्यवस्था छ । कार्यालयले यो वर्ष सञ्चालन गरेका विषय क्षेत्रगत कार्यक्रमको भार भारित सहितको प्रगति विवरण तयार गरेको देखिएन । कार्यालयले आ.व.०७५/७६ को समग्र प्रगति प्रतिवेदन तयार गरेको भए पनि कार्यालयले विषय क्षेत्रगत आधारमा शिक्षा, स्वास्थ्य, कृषि, पशु, वन तथा वातावरण, महिला तथा वालवालिका, पूर्वाधार विकास आदिको कार्यान्वय स्थिति देखिने वार्षिक प्रगति प्रतिवेदन तयार गरी त्यसको वार्षिक प्रगति स्थितिको समिक्षा हुनुपर्दछ । | |
| १७. | **कल्याण कोष** : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ वमोजिम स्थानीय तहले स्थानीय सेवाका कर्मचारीले निजको सेवाशर्त तथा कानून वमोजिम अवकास हुँदा प्राप्त गर्ने योगदानमा आधारित उपदान, औषधीउपचार लगायतका सुविधा उपलव्ध गराउन अवकास कोषको स्थापना गर्ने व्यवस्था छ ।कोषको व्यवस्था अनुरुप स्थानीय तहले कार्यालयको कर्मचारी कल्याण कोषको लागि आवश्यक पर्ने रकम जम्मा गर्नुपर्ने व्यवस्था छ । यो वर्षको नगरपालिका अन्र्तगत | |

| | | |
|---|---|---|
| | कार्यरत स्थानीय सेवाका कर्मचारीको लागि सेवा वा पद वाट अलग हुँदा दिनुपर्ने अवकास सुविधाको कर्मचारी कल्याण कोषमा जम्मा रु.३,२४,४००।–वाँकी देखिन्छ । कोषमा रहेको रकमले अवकाश लिने कर्मचारीहरुको अवकाश भुक्तानीको वढ्दो मागलाई व्यवस्थापन गर्न नसक्ने देखाउँछ । कार्यालयले स्वीकृत स्थायी दरवन्दीमा कार्यरत कर्मचारीहरुको संख्याको आधारमा कोषको समुचित व्यवस्थापन गर्नुपर्दछ । | |
| १८. | **न्यायिक समिति :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ मा न्यायिक समितिको व्यवस्था रहेको छ । कार्यालयले उपलब्ध गराएको विवरण अनुसार यो वर्ष नगरपालिकाले न्यायिक समिति गठन गरी विवाद दर्ता, फछ्र्यौट तथा अन्य निकायमा लेखी पठाएको देखिन्छ । यो वर्ष सम्म जम्मा २८ वटा मुद्दा दर्ता भएको र सो मध्ये २३ वटा मा मेलमिलाप तथा फैसला वाट फछ्र्यौट गरेको ,१ वटा जिल्ला अदालतमा पठाएको र वाँकी ४ वटा विचाराधिन रहेको देखिन्छ । फछ्र्यौट हुन वाँकी मुद्दा समेत यथा समयमा फछ्र्यौट गर्ने तर्फ ध्यान दिनु पर्दछ । | |
| १९. | **निरीक्षण तथा परिक्षण:** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११५(१) अनुसार सार्वजनिक निकायले आपूर्ति गरेका मालसामान सम्झौतामा उल्लेखित प्राविधिक स्पेशिफिकेसन र गुणस्तर वमोजिम भए नभएको निरीक्षण वा परीक्षण गर्नु गराउनु पर्ने व्यवस्था छ । कार्यालयले यस वर्ष खरिद गरेका ल्यापटप, कम्प्युटर, प्रिन्टर, मोवाइल जस्ता मालसामान तथा सवारी साधनको निरीक्षण तथा परीक्षण गरेको पाइएन । स्पेशिफिकेसन बमोजिम समान प्राप्त गर्न सामानको निरीक्षण तथा परीक्षण गराउनु पर्छ । | |
| २०. | **जिन्सी :** आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ५० मा नियम ४६,४७ र ४८ बमोजिम लगत खडा गरी राखिएको जिन्सी मालसामान के कस्तो अवस्थामा छ अधिकार प्राप्त अधिकारीले एक बर्षमा कम्तीमा एक पटक स्वयम वा मालसामान जिम्मा लिने कर्मचारी बाहेक अन्य छुट्टै कर्मचारी वा प्राविधिकद्धारा निरीक्षण गरी वा गर्न लगाई त्यसको प्रतिवेदन लिखित रुपमा लिई राख्नु पर्ने र निरीक्षण प्रतिवेदन प्राप्त भएपछि आम्दानी बाँध्न छुट भएका कुनै मालसामान भएमा मूल्य र विवरण खुलाई आम्दानी बाँध्न लगाउनु पर्ने व्यवस्था छ । यसै गरी निरिक्षण प्रतिवेदन प्राप्त भएपछि अधिकार प्राप्त अधिकारीले लिलाम गर्नु पर्ने मालसामान ६ महिना भित्र र मर्मत संभार गर्नु पर्ने भए सोको लागि बजेट व्यवस्था गरी तीन महिना भित्र गरी सक्नु पर्ने व्यवस्था छ । कार्यालयको आ.व. २०७५।७६ को जिन्सी निरीक्षण प्रतिवेदन लेखापरीक्षण अवधि सम्म पनि पेश हुन नआएकोले सो सम्वन्धमा थप विश्लेषण गर्न सकिएन । | |
| २१. | **आन्तरिक आम्दानी दाखिला :** कार्यालयले नगदी रसिद काटी दैनिक रुपमा प्राप्त गर्ने आन्तरिक आम्दानी ढिलोमा पनि ७ दिनभित्र दाखिला गर्नुपर्ने व्यवस्था रहेको छ । कार्यालयले यो वर्ष वडा तथा कार्यालयबाट नगदी रसिद काटी गरेको आम्दानी दैनिक रुपमा दाखिला नगरी र ठेली सकिएपछिमात्र दाखिला गरेको देखियो । कार्यालयले नियमको पालना गरी आन्तरिक आम्दानीको रकम दैनिकरुपमा दाखिला गर्नु पर्छ । | |
| २२. | **सेवा प्रवाह स्थिति :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ (२) मा नगरपालिकाको काम, कर्तव्य र अधिकारको व्यवस्था रहेको छ । कार्यालयले नगरपालिकाका वडा तथा कार्यालयबाट सिफारिस तथा पंन्जिकरण सम्वन्धी कार्यहरुको अभिलेख राखेको देखिएन । सम्पादित सेवा प्रवाहको तथ्यांक तथा सोको व्यवस्थित अभिलेख राखी त्यसको प्रभावकारिताको सम्वन्धमा अनुगमन तथा मूल्यांकन गरेको देखिएन । स्थानीय सेवा प्रवाहको सम्वन्धमा नगरपालिकालाई जिम्मेवार तथा जवाफदेही बनाउनु पर्दछ । | |
| २३. | **घरजग्गाको लगत :** आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ५४(१) मा प्रत्येक कार्यालयले कार्यालय बसेको सरकारी घर जग्गा तथा कार्यालय अन्तर्गतको सरकारी घर जग्गाको लगत महालेखा परीक्षकको कार्यालयले तोकेको ढाँचामा राख्नुपर्दछ । त्यस्तो घर जग्गा आफ्नो नाऊँमा वा जिल्ला प्रशासन कार्यालय वा अन्य कुनै कार्यालयको नाऊँमा मालपोत कार्यालयमा दर्ता भई जग्गाधनी प्रमाण पूर्जा प्राप्त भएको छ वा छैन बुझ्नु पर्नेछ र त्यसरी बुझ्दा दर्ता र जग्गाधनी प्रमाण पूर्जा तयार नभए कानून बमोजिम कार्यालयको नाऊँमा दर्ता गराउनु पर्ने व्यवस्था छ । कार्यालयले सो सम्वन्धि विवरण समेत उपलब्ध नगराएकोले विष्लेषण गर्न सकिएन ।कार्यालयले नगरपालिकाको नाऊँमा रहेको तथा प्राप्त सवै जग्गाको जग्गाधनी पूर्जा बनाउनु पर्दछ भने नगरपालिकाको संरक्षक रहेका नेपाल सरकारको जग्गाको | |

| | | |
|---|---|---|
| | व्यवस्थित अभिलेख राखी व्यक्तिको नाममा नामसारी तथा अतिक्रमण हुनु नदिने तर्फ नगरपालिका जिम्मेवार हुनु पर्दछ । | |
| २४. | **चौमासिक खर्च** :आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २३ वमोजि स्विकृत भएको कार्यक्रममा नियम २५ बमोजिम चौमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र चौमासिक कार्यको लक्ष्य तथा कार्यक्रम वमोजिम कार्यसम्पादन सम्पन्न गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलव्ध गराएको विवरण यो वर्ष पूँजीगत तर्फ रु.३७,२९,९३,४४८।- खर्च मध्ये प्रथम चौमासिकमा रु. ६,४०,३०,९६२।–,दोश्रोमा रु७,८१,०५,२९०।– र तेश्रोमा रु.२३,०८,५७,१८८।– रहेको छ भने आषाढ महिनामा मात्र रु.१२,४१,४७,१९९।- देखिन्छ । यसरी प्रथम चौमासिकमा १७.१७ प्रतिशत, दोस्रोमा २०.९४ प्रतिशत र तेस्रोमा ६१.८९ प्रतिशत खर्च गरेको देखिएको छ । त्यस्तै आषाढ महिनामा मात्र ३३.२८ प्रतिशत खर्च देखिनुले वर्षान्तमा आएर खर्चको चाप वढेको देखिएको हुँदा सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन । यसमा सुधार ल्याउन नगरपालिकाको विशेष ध्यान जानुपर्दछ । | |
| २५. | **आन्तरिक आय र प्रशासनिक खर्चको अनुपात :** कार्यालयले उपलव्ध गराएको विवरण अनुसार यो वर्ष नगरपालिकाको कूल आन्तरिक आय रु.७९,२५,३७५।३५ देखिन्छ भने प्रशासनिक खर्च रु.४,४२,१२,१८२।४१ रहेको छ । यसरी आन्तरिक आय र प्रशाासनिक खर्च वीचको अनुपात १:५.५७८ अर्थात प्रशाशनिक खर्च आन्तरिक आयको तुलनामा ५.५७८ गुना वढी रहेको छ । साथै नगर पालिकाको यो वर्षको कुल जम्मा खर्च रु ५१,५०,९९,४५०।१४ रहेकोले उक्त खर्च र आन्तरिक आयको अनुपात १ : ६५ रहेको छ । नेपालको संविधान २०७२ ले स्थानीय निकायलाई आर्थिक रुपले समेत पूर्ण आत्मनिर्भर हुने अभिप्रायवाट आर्थिक अधिकार समेत उपलव्ध गराइ स्थानीय सरकारको रुपमा स्वायत्ता प्रदान गरेको छ । सोही वमोजिम नगरपालिकामा संविधान तथा कानून अनुसार हस्तान्तरण भएको कार्यजिम्मेवारी र जवाफदेहितालाई कुशलता पूर्वक निर्वाह गर्न आन्तरिक स्रोत साधनको परिचालनमा ध्यान दिनु पर्दछ । यसको लागि कानून बमोजिम अधिकार प्राप्त क्षेत्र र विषयका करको आधारको खोजी गर्दै सेवाको आधुनिकीकरण तथा नयाँ सेवाको विस्तारबाट सेवा शूल्क आर्जनमा विशेष जोड दिनुपर्दछ । | |
| २६. | **सशर्त अनुदान फिर्ता :** संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको प.सं.०७४।७५ च.नं.१०६४, २०७५।३।३ को सशर्त अनुदान रकम फिर्ता सम्बन्धी विषयको पत्र अनुसार विभिन्न तीन किस्तामा स्थानीय तहमा हस्तान्तरण भएको र सशर्त अनुदानमा मुख्यतया शिक्षा, स्वास्थ्य र कृषि पशुपंक्षी मन्त्रालय लगायतबाट प्राप्त भई आषाढ मसान्तसम्म खर्च हुन नसकेको रकम संघीय सञ्चित कोषमा दाखिला गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाले यो वर्ष ति शिर्षक तर्फ विनियोजित वजेटको शिर्षक गत आम्दानी खर्चको हिसाव राखी वर्षन्तमा खर्च नभई वचत रकम संघीय संचित कोष खातामा पठाउनु पर्नेमा यस नगरपालिकाले शशर्त अनुदान तर्फको निकासा रकम समेत वित्तीय समानिकरणको खर्च शिर्षकमा समावेश गरी खर्च लेख्ने गरेको सोको वैंक नगदि किताव समेत एकमुष्ट तयार गरेको देखिएकोले संचितकोष फिर्ता हुने वचत रकमको यर्थातता यकिन गर्न सकिएन। तसर्थ कार्यालयले शिर्षक वाईज आम्दानी खर्च र सोको वैंकनगदि किताव अलग अलग राखि वर्षान्तमा उक्त शिर्षकमा खर्च नभई वचत रकम यकिन गरी संघीय संचित कोष दाखिला गर्नुपर्ने देखिन्छ । | |
| २७. | **स्थानीय सञ्चित कोष :** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७५ मा एक आर्थिक वर्षमा खर्च हुन नसकी वाँकी रहेको रकम आर्थिक वर्षको अन्त्यमा नगरपालिकाको सञ्चित कोषमा जम्मा गर्नुपर्ने व्यवस्था रहेको छ । यो वर्ष नगरपालिकाको खर्च खातामा आर्थिक वर्षको अन्त्यमा वाँकी रहेको रकम रु.३,०९,५५,१९९।०४ मिति २०७६।०४।२६मा मात्र स्थानीय सञ्चित कोषमा दाखिला गरेको छ । वर्षान्तमा बचत रकम यथा समयमा दाखिला गरी कानूनको पालनामा कार्यालयले विशेष ध्यान दिनु पर्दछ । | |
| २८. | **कन्टेन्जेन्सी खर्च :**सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ (४) वमोजिम उपभोक्ता समिति वा लाभग्राही समुदायलाई निर्माण कार्य वा सेवाको काम दिंदा सोको लागत अनुमानमा रहेको ओभरहेड,मु.अ.कर तथा कन्टिजेन्सी र जनसहभागिताको अंश कटाएर रकम भुक्तानी दिनु पर्ने व्यवस्था गरेको छ । उक्त नियमावली वमोजिम यसरी कट्टागरेको कन्टेन्जेन्सी खर्च रकम सम्वन्धित आयोजनाको खर्चको आधारमा सोही आयोजनाको संरक्षण,अनुगमन तथा मर्मत | |

| | | |
|---|---|---|
| | संभारमा मात्र खर्च गर्न पाईने व्यवस्था छ । यस नगरपालिकाले कन्टिजेन्सी वापतको रकम पूँजिगत शिर्षकमा वजेट विनियोजन हुंदाको वखतमानै एक मुष्ट ५ प्रतिशतका दरले कटाई आवश्यकता अनुसार जुनसकै आयोजना अथवा अन्य कार्यमा खर्च गर्ने गरेको पाईयो । नगरपालिकाले यो वर्ष सो वापत रु ३५,१३,०००/- छुट्याई कार्यक्रम तयार गरेको र सोही वमोजिम खर्च गरेको छ ।आयोजनागत कन्टेन्जेन्सी खर्च खाता नराखेको,खर्च हुनु पूर्वनै रकम छुट्टाएको देखिंदा कार्यक्रमवाईज खर्च भएको सम्वन्धमा यकिन गर्न सकिएन र सो खर्चको यर्थातता समेत यकिन हुन सकिएन । तसर्थ खर्च गर्दा र रकम बाँडफाँडमा समेत कानूनको पालनामा कार्यालयले विशेष ध्यान दिनु पर्दछ । | |
| २९. | **सम्पत्ति लेखांकन :** नगरपालिका र अन्तरगतका वडाको स्वामित्वमा रहेको भवन, जग्गा, सवारी साधन, फर्निचर, विद्युतीय सामान लगायतका सम्पत्तिको मूल्यांकन समेत देखिने गरी अभिलेख अद्यावधिक गरेको छैन । विगताका सरकारी कार्यालय साविक नगरपालीकामा समायोजन भै आएका भौतिक सम्पत्तिहरु नगरपालीकाको एकिकृत जिन्सी खातामा अभिलेख राखेको छैन जसले गर्दा नगरपालीकाको यथार्थ सम्पत्तीको अवश्था मुल्याङ्कन गर्न सकिएन । कूल मूल्य खुल्नेगरी स्वामित्वमा रहेका सम्पत्तिको अद्यावधिक अभिलेख तयार गरी सम्पत्ति लेखांकनलाई सुदृढ गर्नुपर्ने देखिएको छ । | |
| ३०. | **इन्धन तथा मर्मत :** नगरपालिकामा रहेका सवारीसाधनहरु (जीप, ट्रीपर,मोटर साइकल आदि) मा विभिन्न समयमा प्रयोग भएको इन्धन खर्चको लग बुक राखेको पाइएन । इन्धन खर्चको मापदण्ड नबनाई खर्च लेख्दा इन्धनको प्रयोगमा दुरुपयोग बढ्ने संभावना रहने हुँदा मापदण्ड बनाइ खर्च गरीनु पर्दछ । सवारीसाधनहरु मर्मत गरी मर्मत खर्च लेखेकोमा मर्मत अभिलेख समेत राखेको पाइएन । इन्धन तथा मर्मत खर्च लेख्दा नियमानुसार अभिलेख राखेर खर्च लेख्नु पर्ने देखिएको छ । | |
| ३१. | **उपभोक्ता समिति** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ (३) घ मा उपभोक्ता समिति मार्फत गरेको कार्यको निर्माण सम्झौतामा सम्पन्न निर्माण कार्यको सञ्चालन र मर्मत संभार उपभोक्ता समिति वा लाभग्राही समुदायले गर्नुपर्ने व्यवस्था समावेश गर्नुपर्ने प्रावधान रहेकोमा नगरपालिकाले उपभोक्ता समितिसँग गरेको अधिकांश सम्झौतामा उक्त व्यहोरा समावेश गरेको देखिएन । लागत सहभागिता अंश १० प्रतिशत मात्र राखी सम्झौता गरेको छ । लागत सहभागिता अंश थोरै राखीदा योजनामा उपभोक्ताको अपनत्व कम देखिदा नगरपालीकाको लागत वढी पर्न गएको देखिन्छ । यस तर्फ ध्यान दिनु पर्ने देखिन्छ । साथै नियम ९७ (७) मा उपभोक्ता समितिले प्रत्येक किस्तामा गरेको काम तथा खर्चको सूचना सार्वजनिक स्थानमा टाँस गर्नुपर्ने र काम कारबाहीको सम्बन्धमा सार्वजनिक लेखापरीक्षण गर्नुपर्ने व्यवस्था रहेकोमा उक्त व्यवस्था अनुसार अधिकांश योजनाहरुमा सार्वजनिक लेखापरीक्षण गरेको देखिएन उपभोक्ता समितिले गरेको कार्यको पारदर्शिता वृद्धि गर्ने उक्त प्रावधानको पूर्णतः पालना गर्नुपर्ने देखिएको छ । | |
| ३२. | **प्रारम्भिक वातावरणीय परिक्षण :** २२७,२२८/२०७५/११/१४ नगरपालीकाले स्किम १ अन्तर्गत सेती नदीमा र स्किम २ अन्तर्गत सेती नदीका शाखा नदीहरु सुलीगाड,वाहुलीगाड,डुग्रिगाड,गोलाईगाड,डिलगाड र कचाली खोलाको ढुङ्गा,वालुवा,गिट्टी र मिस्कट संकलनको लागि प्रारम्भिक वातावरणीय परीक्षण गर्नको लागि मिति २०७५/१०/७ मा दावि विरोधको लागि धनगढी पोष्टमा सूचना प्रकाशन गरेको देखिन्छ । एउटै प्याकेज मार्फत गर्न सकिने कार्यसमेत नगरपालीकाले टुका टुका पारी स्किम १ को लागि सक्रिय परामर्श सेवा,सुर्खेत लाई रु.४,९७,०००/- र स्किम २ को लागि ए एण्ड ए कन्सलटेन्सी,सर्खेत लाई रु.४,९७,०००/- रकममा १८० दिन भित्र कार्य सम्पन्न गर्ने गरी मिति २०७५/११/४ मा सम्झौता गरेको छ । प्रतिस्पर्धालाई सिमित हुने गरी एउटै प्याकेजलाइ टुका-टुका गर्नाले नियम संगत भएको देखिएन । कार्यालयले ऐन नियममा भएको व्यवस्थाको पालनामा ध्यान दिनु पर्ने देखिन्छ । | |
| | **निर्माण तर्फ :** कार्यालयले यस आर्थिक वर्षमा १५० भन्दा वढी ठुला तथा साना सडकहरु निर्माण गरी भुक्तानी गरेको देखाएकोमा निम्नानुसार पाइयो । | |
| ३३. | **सर्वे :** सार्वजनिक खरीद ऐन २०६३ को दफा ५३ र नियमावलीको नियम १० बमोजिम लागत अनुमान तयार गर्नुपर्ने उल्लखे छ । सडकको लागत अनुमान तयार गर्दा सर्भे नगरी तयार गरेको | |

पाइयो ।

३४. **माटोको वर्गीकरण :** सडकको नयाँ तथा पुराननो ठाउँमा माटो कटानको लागत र नापी किताव तथा मुल्याङ्कनमा माटोको वर्गीकरण को आधार खुलाएको छैन जसले गर्दा यथार्थ कामको मुल्याङ्कन तथा भुक्तानी भयो भन्न सकिएन ।

३५. **चेनेज नखुलाएको :** सडकको लागत अनुमान र नापी कितावमा चेनेजको सुरु प्वाइन्ट उल्लेख नगरेकोले कुन कुन स्थानमा कार्य गरेको हो खुलेन स्थलगत रुपमा केही योजना परीक्षण गर्दा सडकमा समेत चेनेज नलेखेकोले सबै कामको विगत र यस चालु वर्षमा समेत दोहोरो भुक्तानी हुन सक्ने देखियो । सडकको Structure हरुको पनि चेनेज उल्लेख नगरेकोले कुन कुन स्थानमा काम भयो एकिन गर्न सकिएन ।यसरी चेनेज नखुलाएका केहि योजना निम्न छन् ।

| **योजनाको नाम** | **कामको विवरण** | **परिमाण** | **दर** | **रकम** |
|---|---|---|---|---|
| सुवेडा पारीखेत हुदै बाहुलीगाढ झौपु सडक | Stone Masonaru Work | ३३८.९० | १२०७३.०२ | ४०९१६०३.०७१ |
| | Dry Stone Masonary Work | १०९.२० | ५४०९.२० | ५९०६८४.८५ |
| | **Gabin BoX**<br>a.Fabrication of Gabion boxes<br>3*1*1<br>2*1*1<br>b.Assembling of Wirecreats/Gabion<br>3*1*1<br>2*1*1<br>c.Packing and Filling of Gabion | ३०<br>१६४<br>३०<br>१६४<br>४१८ | ४१८१<br>३०३५<br>२४९.४५<br>१७९.२९<br>४०६४.२० | १२५४३०<br>४९७७४०<br>७४८३.५५४<br>२९४०३.८३<br>१६९८८३६.४३ |
| पानकोट सुतिया सडक | Stone Masonaru Work | १३०.०८ | १२०७३.०२ | १५७०४७९.९६ |
| | **Gabin BoX**<br>a.Fabrication of Gabion boxes<br>3*1*1<br>2*1*1<br>b.Assembling of Wirecreats/Gabion<br>3*1*1<br>2*1*1<br>c.Packing and Filling of Gabion | ५०<br>३०<br>५०<br>३०<br>२१० | ४१८१<br>३०३५<br>२४९.४५<br>१७९.२९<br>४०६४.२० | २०९०५०<br>९१०५०<br>१२४७२.५९<br>५३७८.७५१<br>८५३४८२.४२ |

३६. **ड्रईङ्ग नराखेको :** सडकमा माटो कटान गर्दा Section तथा Cross Section Drawing समावेश गरेको छैन जस्ले गर्दा नापी किताबले देखाएको परीमाण यथार्थ हो भन्न सकिएन । यस्का केही उदाहरणहरु निम्न छन् ।

| योजनाको नाम | कामको विवरण | परिमाण | दर | रकम |
|---|---|---|---|---|
| सुवेडा पारीखेत हुदै बाहुलीगाढ झौपु सडक | **1.Excavation Work**<br>a.BMS soil | ४०२८.५४ | ८८.८६ | ३५७९७५.८४ |
| पानकोट सुतिया सडक | **1.Excavation Work**<br>a.Wall Fondation Manual<br>b.BMS Soil Mechine use | १६५.५२<br><br>६०८९.८५ | ४३२.६०<br><br>९०.३० | ७१६०१.७८९<br><br>५४९९१३.४५ |
| चैनपुर पायान सुली रोड | **1.Excavation Work**<br>a.Hard Soil<br>b.Soft Rock/Medium Rock<br>c.Hard Rock | ४३९४७.२९<br><br>१६६०.६०<br><br>१११५.८८ | ८२.६९<br><br>२८२.४२<br><br>१२२१.३६ | ३६३४००१.२०<br><br>४६८९८६.६५<br><br>१३६२८९१.२० |

३७. **नर्मसको प्रयोग** :लागत अनुमान तयार गर्दा सार्वजनिक खरिद नियमावली २०६४को नियम १० बमोजिम स्वीकृतNorms प्रयोग गर्नुपर्ने तथा नयाँ नर्मस स्वीकृत गरेर मात्र प्रयोग गर्नुपर्दछ। यस पालिका वाट कतिपय योजनाहरुको लागत अनुमान तयार गर्दा रेट एनालाइसिस हरुमा स्वीकृत Norms को नम्बरन खुलाएकोले नर्म्सको प्रयोगको यथा)थता यकिन हुन सकेन । यस सम्वन्धी केही उदाहरण  निम्न छन् ।

| कामको नाम | दर |
|---|---|
| Mediam/Soft Rock Cutting | २८२.४२ |

३८. **Haulage Distance यथार्थ नभएको** : Rate Analysisगर्दाStone Collection र Transportation को Item मा Haulage Distance यथार्थ राखेको पाइएन, सबै स्थानमा Mannual देखाएको छ। जस्ले गर्दा दररेट वढी हुन जाने देखियो। केही योजनामा सिमेन्टलाई समेत असजिलो सामान मानी ढुवानी देखाउँदाQuantity को Rate Highभै लागत अनुमान वढी भै वढी भुक्तानी हुन गएको देखिन्छ। पालिकाले यकिन गरी Rate Analysisबढी भएको योजनावाट असूल गर्नु पर्दछ।

३९. **वढी दर** :सार्वजनिक खरिद नियमावली २०६४ को १२३ वमोजिम निर्माण कार्यको नाँपजाँच गरी सोको वास्तविक मुल्यांकन को आधारमा विलको भुक्तानी दिनु पर्ने व्यवस्था छ। निम्नानुसारको योजनामा पहिरो सफा गर्ने कार्यलाई समेत Earth excavation को काम देखाइ भुक्तानी गरेकोले वढी भुक्तानी भएको रकम असुल गर्नु पर्ने रु ३,२४,७८५/८०

| योजनाको नाम | कामको विवरण | परिणम | हुनुपर्ने दर | देखाएको दर | फरक | बढी भुक्तानी |
|---|---|---|---|---|---|---|
| पानकोट सुतिया सडक | पहिरो सफा गर्ने | २५४०.८५ $M^3$ | ३४.२९ | ९०.३० | ५६.०१ | १४२३१३ |
| सुवेडा पारीखेत हुँदै बाहुलीगाढ झोता सडक | पहिरो सफा गर्ने | ३३४३.८३ $M^3$ | ३४.२९ | ८८.८६ | ५४.५७ | १८२४७२.८ |
| **जम्मा** | | | | | | **३२४७८५.८** |

| | | |
|---|---|---|
| ४०. | **लागत अनुमान :**सार्वजनिक खरिद नियमावली २०६४को नियम १२५(३) अनुसार निर्माण कार्यको भुक्तानी दिंदा उक्त नियमावलीको नियम १० वमोजिम तयार भएको लागतअनुमान एवं स्वीकृत नर्म्स तथा ड्रईङ डिजाईन वा स्पेसिपिकेशन अनुसार काम सम्पन्न भए नभएको प्राविधिक नाँपजाँच भई प्राप्त प्रतिवेदनको आधारमा मात्र भुक्तानी दिन मिल्ने व्यवस्था छ । कार्यालयले निर्माण गरेका कल्भर्ट,Stone Masonery,Gabion Workलगायतको कार्यको लागत अनुमान एवं नापी किताव तयार गर्दाDrawing तयार नगरेकाले लागत अनुमान र भुक्तानी यथार्थ हो भन्न सकिएन । | |
| ४१. | **नगरपालीका भवन निर्माण :**नगरपालीका भवनको निर्माण कार्य जाग्रती योगिङ्ग निर्माण सेवा जे.भि द्वारा गराएकोमा सो निर्माण कार्य सम्वन्धमा निम्नानुसार पाइयो । | |
| ४१.१ | **नक्सा पास नगरेको :** ऐन नियम बमोजिम नक्सा पास गर्नु पर्नेमा कार्यालय स्वयमंले नक्सा पास नगरी भवन निर्माण गरेको छ । साथै कार्यालयले तयार गरेको ठेक्का विल यथार्थ देखिएन । | |
| ४१.२ | **जोडजम्मा फरक परेको :** सार्वजनिक खरीद नियमावली २०६४ को नियम १२३ (१) बमोजिम प्राविधिक नाँप जाँच गरी वास्तविक कामको भुक्तानी दिनुपर्नेमा निम्नानुसार जोडजम्मा फरक परेकोले दोहोरो भुक्तानी भएको रकम असूल हुनु पर्ने रु. | ५,४५,४६९/- |

| **कामको विवरण** | **नापी कितावले देखाएको** | **हुनु पर्ने** | **देखाए को** | **काम** | **दर** | **जम्मा बढी भुक्तानी** | **कैफियत** |
|---|---|---|---|---|---|---|---|
| RCC work(1.2.4 ) Romms Grid (A1-B3) | 1×7.5×3.77 ×0.10 | २.८४ | २८.४ ३ | | १७००० | ४४३८६० | जोड जम्मा फरक |
| pCC work(1.2.4 ) Grid ($B_1$-$E_2$ | 12.530×4.7 7×4.1 | | ५.९७ ७ | ५.९ ७७ | १७००० | १०१६०९ | पहिलो र दोस्रो वील दुवैमा भक्तानी भएकोले दोहोरो परेको |
| **Total** | | | | | | **५४५४६९** | |

| | | |
|---|---|---|
| ४१.३ | **डण्डी वढी देखाएको :** भवनमा प्रयोग गरेको फलामको डण्डीको लागत अनुमान तथा नापी कितावमा Bar Scheduleअनुसार ६९०२८ के.जीको भुक्तानी गरेको देखिएकोमा विलमा ६९२३० केजी को भुक्तानी दिएकोले २९१.८६ केजी को वढी देखिएको साथै सिल मा ७ एमएमको डण्डी राख्नु पर्नेमा १२ एमएमको डण्डी राखेकोले ४८१६७ केजी डण्डी वढी देखिएकोले जम्मा ७७३.५३ केजी को प्रति केजी १३० का दरले हुने रकमरु.१००५५७.९० असुल गर्नु पर्ने रु. | १,००,५५७९० |
| ४१.४ | **मार्वलको प्रयोग यर्थाथ नभएको :** स्थलगतरुपमा परीक्षण गर्दा भवन अगाडिको भागमा राखेको मार्वलहरु साना साना टुक्रा प्रयोग गरेको देखियो । | |
| ४२. | **खुडिउन सिंचाई योजना :** खुडिउन सिंचाई योजनाको सिंचाई कुलोको Chainage खुलाउको छैन साथै उक्त योजनाले खरीद गरेको तर प्रयोग नगरेको १०० केजि फलामको डण्डी वडा अध्यक्षको जिम्मा रहेको उल्लेख गरेपनि कार्यालयले आफ्नो खातामा आम्दानी बाँधेको नदेखिएकोले उक्त रकम असुल गर्नु पर्ने रु. | १,१३,७८६/- |
| ४३. | **स्थलगत परीक्षण :**सुवेडा पारीखेत हुड्दै वाहुलीगाढ झोता सडकको स्थलगत परीक्षण हुंदा फउण्डेशन लागत अनुमान अनुसार नभएको, पर्खाल चर्केको, पेइन्टीङ्गको काम पुरा नगरेको लगायतका विभिन्न कैफियत देखिएकोले कामनै नभएको र भएकोमा पनि लागत अनुमान तथा स्वीकृत नर्मस अनुसार नभएकोमा समेत भुक्तानी भएको निम्नानुसार रु ७,९५,२९९/८५असुल गर्नू पर्ने देखिएको रु. | ७,९५,२९९/८५ |

| स्थलगत परिक्षणमा देखिएको व्यहोरा | परिणम | दर | जममा रकम |
|---|---|---|---|
| -Stone masonary,Retaining wall को 15×1.03×3.75=58.13 $M^3$को खण्डको कार्य गर्दा उचाई3MM मात्र रहेको,पर्खाल चर्केको,फाउन्डेसनमा0.20MM गहिरो गाडेकोले भत्कने अवश्थामा रहेको,Stone Masonaryमा बाहिर मात्र पेइन्टीङ्ग गरेको भित्रि भागमा सिमेन्ट हालेको देखिएन ।<br>–Culvertको PCC for RCC workको नापी कितावमाCulvert Slab 4.5×5.6×0.30=7.56देखाएकोमाFieldमा3.6×5.6×0.20=4.032 रहेको रCulvert Sliceमा4.5×0.3×0.30=0.81 देखाएकोमा4.12 M3$_{Field}$ मा3.6×0.3×0.20=0.216रहेको देखिएकोले3.528M3$_र$ 0.594M3 4.122M3बढी देखिएका | 58.13$M^3$<br><br>4.122$M^3$ | 12073.02<br><br>22682.94 | ७०१८०४.६५<br><br>९३४९५.२० |
| **जम्मा :** | | | ७,९५,२९९/८५ |

४४. **मर्मत खर्च :** ३३०/२०७६/३/३० नगरपालीकाका ११ वटै वडालाई सवारी साधन खरीद गर्न कार्यालय र नमूना अटोपार्टस एण्ड सप्लायर्स,अमरगढी विच मिति २०७५/१०/२९ मा संझौता भई टिभिएस् अपाचे १५० सिसिको मोटरसाइकल ११ थान र टिभिएस जुपिटर स्कुटर १ थान गरी कुल १२ थान सप्लाई गरी कार्यालयको जिन्सी खातामा मिति २०७५/११/१७ मा दाखिला भएको देखिन्छ । स्टान्डर्ड विडिङ डकुमेन्टको क्लज नं.४४.५९ र टेक्निकल स्पेसीफिकेशनको दफा नं.१६ मा १ वर्षको वारेन्टी अवधि उल्लेख गरी सम्झौता भएकोमा खरीद भएको ३ महिनामा मर्मत भनि निम्न रकम ११ वटा वडा कार्यालयका वडा अधक्ष्यको नाममा कन्टिजेन्सी शिर्षकबाट रु.२,०१,८७५/-खर्च लेखेको छ । वारेन्टी अवधिमा मर्मत गर्ने जिम्मेवारी सम्झैताको शर्त अनुसार सप्लायर्सको रहने हुदा नगरपालीकालाई थप व्ययभार पार्ने गरी खर्च लेखिएको रकम सम्बन्धित वडा अध्यक्षबाट असुल हुनु पर्ने रु. २०१,८७५/-

| क.स | वडा अध्यक्षको नाम | वडा कार्यालय | मोटर साइकल नम्बर | मर्मत खर्च |
|---|---|---|---|---|
| १ | गगन बहादुर सिंह | १ | से १ ब ११७१ | १४,३१०.०० |
| २ | शुकराज जोशी | २ | से १ ब ११७२ | १९,४६०.०० |
| ३ | कलक बहादुर ओली | ३ | से १ ब ११७३ | १७,८१०.०० |
| ४ | गगन बहादुर खाती | ४ | से १ ब ११७४ | ९,४१०.०० |
| ५ | डम्बर बहादुर सिंह | ५ | से १ ब ११७५ | १९,१२५.०० |
| ६ | नरेन्द्र बहादुर सिंह | ६ | से १ ब ११७९ | १७,७५०.०० |
| ७ | हरीचन्द्र जोशी | ७ | से १ ब ११७७ | १८,५५०.०० |
| ८ | नवराज कोइराला | ८ | से १ ब ११७८ | १९,४६०.०० |
| ९ | बजिर बहादुर खड्का | ९ | से १ ब ११७६ | २५,८५०.०० |
| १० | दल बहादुर विष्ट | १० | से १ ब ११८० | १९,३५०.०० |
| ११ | केश बहादुर रोकाया | ११ | से १ ब ११८१ | २०,८००.०० |
| | **जम्मा** | | | **२०१,८७५/-** |

४५. **पेश्की फछ्यौट :** ७९९/२०७६/३/३१ आर्थिक कार्यविधि नियमावली २०६४ को दफा ७४ मा पेश्की दिने र फछ्यौट सम्बन्धि व्यवस्था छ । नगरपालीकाको वडा नं १ को वडा सचिव श्री रमेश विष्टको नाममा रहेको कार्यक्रम सम्बन्धि पेश्की रु.३,६०,०००/- फछ्यौटमा पेश भएको प्रमाण

| | | |
|---|---|---|
| | कागजातहरु प्रमाणित नभएको,कार्यक्रम अनुसारको विल भर्पाई पेश हुन नआएको, सम्वन्धित खर्च शिर्षकमा दावि गरेको रकम स्वभाविक नदेखिएकोले सो सम्वन्धमा पालिकाले थप यकिन गरी अस्वभाविक खर्च दावि गरेको रकम असुल गर्नु पर्ने देखिन्छ । | |
| ४६. | **खर्चमा दोहोरा परेको** :८०२/२०७६/३/३१ :आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ३६(८) मा कुनै रकमको भुक्तानी दिंदा रित पुगे वा नपुगेको जाँच गर्नुपर्ने उल्लेख छ ।कैलाश स्वास्थ्य चौकीलाई भारत सरकारबाट सहयोग स्वरुप प्राप्त  ऐम्बुलेन्स  काठमाण्डौदेखि बझाङ सम्म ल्याउनको लागि अ.हे.व दल वहादुर रोकायलाई कर्मचारीको दैनिक भ्रमण भत्ता,इन्धन खर्च र राजस्व दस्तुर लगायतको लागि रु.८०,०००।- पेश्की उपलव्ध गराएकोमा सोही वमोजिम निजले विल भरपाई पेश गरी पेश्की फछ्र्यौट गरेको अवस्थामा पुन सोही एम्बुलेन्स ल्याएको भनी भौ.न ७९९ बाट वडा अध्यक्ष गगन बहादुर सिंहलाई रु ८३,०००।- भुक्तानी दिई खर्च लेखेको देखिएकोले खर्चमा दोहोरो देखिएकोले सो सम्वन्धमा आधार सहित स्पष्ट हुनु पर्ने अन्यथा असुल हुनु पर्ने रु | ८३,०००/- |
| ४७. | **वारेन्टी अवधि भित्र मर्मत खर्च : :**आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ३६(८) मा कुनै रकमको भुक्तानी दिंदा रित पुगे वा नपुगेको जाँच गर्नुपर्ने उल्लेख छ । से १ ब १७७१ नम्बरको मोटर साइकल मर्मत भनि सर्भिसिङ्ग एण्ड अटो पाटर्स सेन्टर वाट मिति २०७६/२/२६ मा सर्भिसिङ्ग भनि रु.७,०९०।- र जोशी मोटरसाइकल सर्भिसिङ सेन्टरबाट मिति २०७६/३/१५ बाट रु ७२०० खर्च लेखेको छ । उक्त मोटर साइकलको वारेन्टी अवधि बाकिनै रहेकोले वारेन्टी अवधिभरको मर्मत संभार र सर्भिसिङको दायित्व सम्बन्धित विक्रेताको रहने हुदा खर्च रकम रु.१४२९०।- असुल हुनु पर्ने रु. | १४,२९०/- |
| ४८. | **हाजिरी वेगर भुक्तानी :** ७६७/२०७६/३/३० आर्थिक कार्यविधि नियमावली २०६४ को दफा ३६ मा सरकारी रकम खर्च गर्दा विश्वसनिय आधार र प्रमाण सहित खर्च गरी बिल भरपाई सहित लेखा राख्नु पर्ने व्यवस्था छ । नगरपालीकाले प्रमुख प्रशासकिय अधिकृत मंगल बहादुर शाही सहित ८ जना कर्मचारीलाई योजना कार्यकम सुत्रमा इन्ट्री गरे वापतको रु.६७,८६०।-पारिश्रमिक भुक्तानी गरेकोमा कर्मचारीको हाजिरी र सो कार्यको कार्य प्रगति पेश नभएकोले खर्चको यर्थाथता यकिन नभएको रु | ६७,८६०/- |
| ४९. | **याातायात खर्च :** ८०३/२०७६/३/३१ आर्थिक कार्यविधि नियमावली २०६४ को दफा ७४ मा पेश्की दिने र फछ्र्यौट सम्बन्धि व्यवस्था छ । सहायक महिला विकास निरिक्षक मिना रेग्मीको कार्यक्रम पेश्की रु १,२१,०००।- फछ्र्यौटमा नगरपालीकाको सभाहलमा मिति २०७६/३/५ मा जेष्ठ नागरीक विच अन्तरक्रिया कार्यक्रममा यातायात खर्च भनि नगर प्रमुख श्री विरेन्द्र बहादुर खड्का सहित २७ जनालाई प्रति व्यक्ति रु १००० का दरले रु २७,०००।- भुक्तानी खर्च लेखेको छ । नगरपालीकाको सभा हलमानै संचालन भएको कार्यक्रममा यातायात खर्च लेखिनु नियमित देखिएन । निर्देशिका,नियम र मापदण्ड बनाई खर्च लेख्नु पर्दछ । | |
| ५०. | **व.उ.शि.नं. ३७११०८३ (प्रधानमन्त्री रोजगार कार्यकम)तर्फ :** नेपाल सरकारले चालु आर्थक वर्ष २०७५।०७६ को नीति तथा कार्यकम र वजेट मार्फत सार्वजनिक विकास निर्माणका कार्यहरुमा रोजगारीका अवसर सिर्जना गरी आगामी पाँच वर्ष भित्रमा कुनै पनि नेपाली नागरिकले वाध्यताले वैदेशिक रोजगारीमा जानुपर्ने अवस्थाको अन्त्य गर्ने उद्देश्यले प्रधान मन्त्री रोजगार कार्यकम संचालनमा ल्याएको देखिन्छ ।यो वर्ष यस नगरपालिका मार्फत उक्त कार्यकममको उद्देश्य अनुरुप छनोट एवं  संचालित कार्यकम र खर्च रकम निम्नानुसार रहेको देखियो | |

| गो.भौ. नं. र मिति | कार्यकमको विवरण | लाभग्राही समुह | भुक्तानी रकम | कैफियत |
|---|---|---|---|---|
| ७/०७६/३/२५ | सिंचाई कुलो मर्मत | वडा नं.१, २ र ३ | १२,००,०००/- | |
| ८/०७६/३/२५ | देवल ज्यूला सिम मर्मत | वडा नं. ९ | ४,००,०००/- | |
| ८/०७६/३/२५ | वृक्षा रोपण | वडा नं. ६ | ४,००,०००/- | |
| ८/०७६/३/२५ | गोरेटो वाटो मर्मत | वडा नं. ५ | ४,००,०००/- | |
| ८/०७६/३/२५ | सिंचाई कुलो मर्मत | वडा नं. ८ | ४,००,०००/- | |
| ८/०७६/३/२५ | सिंचाई कुलो मर्मत(सरसफाई) | वडा नं. ७,१०,११ | १२,००,०००/- | |
| ८/०७६/३/२५ | पाईप लाईनको | वडा नं. ४ | ४,००,०००/- | |

| | | | | |
|---|---|---|---|---|
| | काम | | | |
| ९/०७६/३/२५ | वाटो,कुलो मर्मत | विभिन्न | ४,००,०००/- | विभिन्न ९७ जना भरपाइ). मष्टरोलं |
| ३/०७६/२/२६ | फर्निचर,कम्प्युटर खरिद | न.पा. | ९७,२९७/- | कन्टिजेन्सी रकम वाट |
| ४/०७६/२/२७ | फर्निचर,कम्प्युटर खरिद | | ४,८६,६७९/- | |
| | | **जम्मा :** | **५३,८४,६०६/-** | |

उपरोक्त वमोजिमको खर्चको प्रकृति र छनोट भएको कार्यकमले राज्यको पूर्व निर्धारित उद्देश्य पुरा गर्ने दिशामा अग्रसरता भए नभएको सम्वन्धमा प्रभावकारी अनुगमन तथा मुल्यांकन हुनु जरुरी देखिन्छ ।

५१. **मुल्य अभिवृद्धि कर दाखिला नगरेको :** मुल्य अभिवृद्धि कर नियमावली २०५३(आठौं संसोधन) को दफा ६(ग) अनुसार ठेक्का वा करार अर्न्तगत वस्तु आपूर्ति वापतको मुल्य अभिवृद्दिकर भुक्तानी गर्दा सो कर रकमको ५० प्रतिशतले हुन आउने रकम ठेकेदार वा आपूर्तिकर्ताको नामबाट स्वयमं भुक्तानी गर्ने निकायबाट सम्बन्धित राजस्व शीर्षकमा जम्मा गरी बाँकी रहने कर रकम मात्र सम्वन्धित आपूर्तिकर्तालाई भुक्तानी दिनु पर्ने र सो व्यहोराको जानकारी सम्बन्धित ठेकेदार वा आपूर्तिकर्तालाई दिनु पर्ने व्यवस्था छ । उक्त व्यवस्था लागु भएको मिति २०७६।०२।१६ देखि कार्यान्वयन गर्ने गराउने व्यवस्थाको लागि आन्तरिक राजस्व विभागवाट परीपत्र समेत भएको देखिन्छ । कार्यालयले उक्त व्यवस्था वमोजिम ५० प्रतिशत मु.अ.कर रकम स्वयम कार्यालय मार्फत राजस्व दाखिला गर्नु पर्नेमा सो वमोजिम नगरी शतप्रतिशत भुक्तानी दिएको देखिएकोले २०७६।०२।१६ पछिको सवै भुक्तानीको ५० प्रतिशत मु.अ.कर रकम यकिन गरी असुल एवं दाखिला गर्नु पर्दछ । कार्यालयले उपलब्ध गराएको तथा लेखापरीक्षणवाट यकिन गरीएको निम्नानुसारको मु.अ.कर रकम असुल गरी वेरुजु वापतको राजस्व दाखिला गर्नु पर्ने देखिएको रु. ४,७५,८७७/२२

| भौ.नं.र मिति | व.उ.शि.नं. | आपूर्ति कर्ताको नाम | स्थायी लेखा नं. | बिलको मिति | कुल भुक्तानी रकम | मु.अ.कर रकम | दाखिला हुनु पर्ने रकम |
|---|---|---|---|---|---|---|---|
| ३/०७६/३/२६ | | खड्का ईन्टरप्राई जेज | | ०७६/२/२१ | ९७,२९७/९५ | ११,१९३/५७ | ५,५९६/५० |
| १३/०७५/३/२५ | | खड्का ईन्टरप्राई जेज | | ०७६/३/२४ | १,०४,४७४/९१ | १२,०१९/२३ | ६,००९/६२ |
| २/०७६/३/११ | सडक वोर्ड | पि.केकन्स्टक्सन | ६०१७०३१७५ | ०७६/३/१० | ५४,४९,२२८/- | ६,२६,९०२/३ | ३,१३,४५१/१ |
| ७४३/०७६/३/३० | वित्तीय समान्यीकरण | खड्का ईन्टरप्राई जेज | | ०७६/३/२४ | २,४४,६७१/- | २८,१४८/- | १४,०७४/- |
| ७४३/०७६/३/३० | वित्तीय समान्यीकरण | ढंडार मष्टा फनिचर उधोग | | ०७६/३/२८ | १,१५,२६०/- | १३,२६०/- | ६,६३०/- |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ७४३/०७६/३/३० | वित्तीय समान्यीकरण | खड्का ईन्टरप्राईजेज | | ०७६/३/२८ | ५,६२,५०९/- | ६४,७१३/- | ३२,३५६/५० |
| ७४३/०७६/३/३० | वित्तीय समान्यीकरण | सुरत हार्डवेयर | | ०७६/३/२८ | ३,८६,०८७/- | ४४,४१७/- | २२,२०८/५० |
| ७४३/०७६/३/३० | वित्तीय समान्यीकरण | खड्का ईन्टरप्राईजेज | | ०७६/३/२८ | २,९१,९९८/- | ३३,५९२/- | १७,७९६/- |
| ७४३/०७६/३/३१ | वित्तीय समान्यीकरण | एडोन ईन्जिनियारिङ सोलुसन प्रा.लि. | ६०६८३४३८४ | ०७६/३/२७ | ४,९१,५५०/- | ५६,५५०/- | २८,२७५/- |
| ७६६/२०७६/३/३० | | नेपाल अटो ट्रडर्स,कैलाली | ६०५७०४४५३ | | ५,१२,४८४/- | ५८,९५८/- | २९,४८०/- |
| | | जम्मा : | | | ८२,७२,९४२/४४ | ९,५१,७५४/४४ | ४,७५,८७७/२२ |

५२. **न्यून प्रतिष्पर्धा भएको :** सार्वजनिक खरिद ऐन २०६३ को दफा २६(६) अनुसार बोलपत्र आह्वान गर्दा वोलपत्र दाताहरु वीच आपसमा मिलोमतो गरी वोलपत्र दाखिला गरेको प्रमाणित भएमा त्यस्ता वोलपत्रहरु रद्द गर्न सक्ने  व्यवस्था गरेको छ । सडकवोर्ड तर्फ डुंग्री–राजकोट–भण्डारा RCC ढलान ३०० मिटर समेत १२ कि.मी.  लम्वाई कैलाश सडक मर्मतको लागि सडक वोर्ड वाट ७० प्रतिशत र आन्तरिक राजस्व वांडफांड वाट ३० प्रतिशतको हिसावले यो वर्ष रु ५७,१४,७९०।१८ वजेट व्यवस्था भएकोमा मु.अ.कर समेत रु ५७,१४,४३७।१८को लागत अनुमान स्वीकृत भए वमोजिम ठेक्का व्यवस्थाको लागि वोलपत्र आव्हन गरे वमोजिम दर्ता हुन आएका विभिन्न ३ वोल पत्रमध्ये एक वटाले धरौटी नराखेकोले प्रतिष्पर्धावाट हटाईएको र वांकी २ मध्ये मुनाल कन्स्टक्सनले लागत अनुमानको तुलनामा ०.०२ प्रतिशत वढी र अर्को निर्माण व्यवसायी पि.के.कन्स्टक्सनले ०.३८ प्रतिशत अर्थात २७,११४।४८ नगन्य मात्र घटी कवोल गर्ने वोलपत्र दाताको कवोल अंक मु.अ.कर समेत रु ५४,५२,०९६।३२ स्वीकृत गरी २०७५।०३।२५ मा सम्पन्न गर्ने गरी २०७६।२।२१ मा संभ्कौता भएको देखिन्छ ।निज निर्माण व्यवसायीले पेश गरेको फाईनल विल सम्मको जम्मा मुल्यांकन भएको रु ५४,४९,२२८।–भुक्तानी गरेको देखियो । यसरी यस ठेक्का व्यवस्थाको मुल्यांकन गर्दा निर्माण व्यवसायी विच एक आपसमा सहमति नभई स्वतन्त्र प्रतिष्पर्धा भई कम भन्दा कम मूल्यमा ठेक्का लागेको अवस्था देखिएन ।

५३. **शिक्षा क्षेत्र :** कार्यालयले उपलव्ध गराएको विवरण अनुसार नगरपालिका अन्तर्गत प्रा.वि.(३९), नि.मा.वि.(९) मा.वि. (७) र वालविकास केन्दै (४)गरी जम्मा ५९ विध्यालय सञ्चालनमा रहेका छन जसमा ११७ स्थायी शिक्षक र  विभिन्न ११६ राहत शिक्षक, २३ अस्थायी शिक्षक रहेको विवरणले देखाउँदछ । यसको प्रत्यक्ष तलव निकासा, अनुगमन, मूल्यांकन, निर्देशन गर्ने कार्य नगरपालिकाले शिक्षा नियमावली, निर्देशिका बनाई नगर शिक्षा समितिले गर्नु पर्नेमा सो वमोजिम गरेको पाईएन ।

५४. **शिक्षकहरुको विवरण :** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११(२ज) मा स्थानीय तहको आधारभूत तथा माध्यामिक शिक्षा सम्वन्धी व्यवस्था रहेको छ । नगरपालिकाले आफ्नो

| | | |
|---|---|---|
| | भौगोलिक सीमानाभित्रको आधारभूत तथा माध्यामिक शिक्षाको नीति, योजना, कार्यक्रम, शैक्षिक कार्यक्रमको समन्वय, विद्यालय अनुदान तथा सोको वजेट व्यवस्थापन, आयव्ययको लेखा अनुशासन कायम, अनुगमन र नियमन गर्दै विद्यालय तथा त्यसमा कार्यरत शिक्षकहरुको दरबन्दी, नियुक्ति, अवकाश, सरुवा, बढुवा, मृत्यु जस्ता व्यक्तिगत विवरण सहितको अभिलेख खडा गरी राख्नु पर्नेमा त्यसो गरेको देखिएन । यसले समग्र शैक्षिक व्यवस्थापन कमजोर हुने, विद्यालयहरुमा शिक्षकहरुको तलव भत्ता, ग्रेड तथा सुविधाको भुक्तानी यथार्थपरक नहुने, विद्यालयको सम्पत्तिको उचित संरक्षण नहुने भई आर्थिक अनुशासन उल्लंघन हुन सक्ने तर्फ कार्यालयले ध्यान दिनुपर्दछ । | |
| ५५. | **शिक्षकहरुको तलवी प्रतिवेदन :** शिक्षा नियमावली २०५९ को नियम १६ (भ) बमोजिम सामुदायिक विद्यालयमा कार्यरत शिक्षकहरुको विद्यालय शिक्षक कितावखानाबाट शिक्षकहरुको तलवी प्रतिवेदन पारित गराएर निकासा दिनुपर्ने व्यवस्था छ । नगरपालिका अन्तर्गतका स्थायी शिक्षक प्रा.वि.तर्फ १८ जना अस्थायी समेत ९९ जना, नि.मा.वि.तर्फ १ जना अस्थायी समेत १८ जना र मा.वि.तर्फ स्थायी १५ जना गरी जम्मा १३२ जना शिक्षकहरुको तलवी प्रतिवेदन पारित गरी विद्यालयको खातामा तलव निकासा गरेको देखिन्छ । भने अन्य शिक्षकको तलवी प्रतिवेदन पारित नगरी  तलव खर्च लेखेको देखिन्छ । तलवी प्रतिवेदन पारित वेगर तलव भत्ता खर्च लेख्दा ग्रेड रकम यकिन हुन नसक्ने भएकोले सवै शिक्षक कर्मचारीहरुको तलवी प्रतिवेदन पारीत गराएर मात्र तलव भत्ता निकासा गर्नुपर्ने देखिन्छ । | |
| ५६. | **तलव भत्तामा वढी निकासा :** आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ३६(३) मा विल भर्पाइ सहितको लेखा राख्नुपर्ने व्यवस्था रहेको छ । त्यसैगरी सोही नियमको उपनियम ८ मा कुनै रकमको भुक्तानी दिंदा रित पुगे वा नपुगेको जाँच गर्नुपर्ने उल्लेख छ । कार्यालयले जलपा प्रा.वि.जोशीगाउँका शिक्षक हरिलालजोशी २०७५।११।२८ देखि Golden Hand Shakeवाट सेवावाट अलग भई सकेको अवस्थामा निजको नामवाट दोश्रो चौमासिकको निकासा दिंदा २०७६ चैत्र महिना सम्को निकासा दिएको देखिएकोले विध्यालयमा निकासा दिंदा नियमानुसार भुक्तानी दिनु पर्ने भन्दा वढी निकासा दिएको १ महिना ३ दिनको रु ७४,१३०।– असुल गरी वेरुजु वापतको राजस्व खातामा दाखिला गर्नु पर्ने देखिएको रु | ७४,१३०।- |
| ५७. | **अवकाश पछिको निकासा :** आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ३६(३) मा विल भर्पाइ सहितको लेखा राख्नुपर्ने व्यवस्था रहेको छ । त्यसैगरी सोही नियमको उपनियम ८ मा कुनै रकमको भुक्तानी दिंदा रित पुगे वा नपुगेको जाँच गर्नुपर्ने उल्लेख छ । कार्यालयले जलपा मा.वि.रिठापाटाका शिक्षक अमरराज जैशी २०७६।०२।२४ देखि अनिवार्य अवकास भई सकेको अवस्थामा निजको नामवाट तेश्रो चौमासिकको निकासा दिंदा २०७६ आषाढ महिना सम्म्को निकासा दिएको देखिएकोले विध्यालयमा निकासा दिंदा नियमानुसार भुक्तानी दिनु पर्ने भन्दा वढी निकासा दिएको १ महिना ८ दिनको रु ५८,९७१।– असुल गरी वेरुजु वापतको राजस्व खातामा दाखिला गर्नु पर्ने देखिएको रु | ५८,९७१।- |
| ५८. | **ओभरहेड खर्च :** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ (४) वमोजिम उपभोक्ता समिति वा लाभग्राही समुदायलाई निर्माण कार्य वा सेवाको काम दिंदा सोको लागत अनुमानमा रहेको ओभरहेड,मु.अ.कर तथा कन्टिजेन्सी र जनसहभागिताको अंश कटाएर रकम भुक्तानी दिनु पर्ने व्यवस्था गरेको छ । भवानी मा.वि. नौराको भवन निर्माणको लागि रु १७,८७,९५०।–को लागत अनुमान तयार गरी सोको १० प्रतिशत रकम जनश्रमदान व्यहोर्ने र कामको मुल्यांकनको ९० प्रतिशतले हुने रकम यस नगरपालिकाले उपलव्ध गराउने गरी संझौता भएको देखिन्छ ।उक्त भवनको निर्माण कार्य सम्पन्न भएको भनी रु १७,८७,९५०।–को मुल्यांकन भई सिफारिस सहित भुक्तानीको लागि माग भई आए वमोजिम रु१६,००,०००।–भुक्तानी दिएको देखियो । उपरोक्त वामोजिमको भवन निर्माण कामको लागत अनुमान तयार गर्दा १५ प्रतिशत आभरहेड समेत समावेश गरी तयार भएको सो लागत अनुमानको आधारमा भुक्तानी दिंदा नियमावलीको उक्त व्यवस्था वमोजिम उपभोक्ताको अंश समेत १५ प्रतिशत ओभरहेड कट्टागरी भुक्तानी दिंदा कुल सम्पन्न कामको आधारमा रु १३,६७,७८२।–मात्र भुक्तानी दिनुपर्नेमा रु १६,००,०००।– भुक्तानी दिएको देखिएकोले वढी भुक्तानी भएको रु २,३२,२१८।–असुल हुनु पर्ने देखिएको रु | २,३२,२१८।- |

५९. **स्वास्थ्य सेवा तर्फ :**स्वास्थ्य सेवा नियमावली २०५५ को नियम ५५ (१) वमोजिम स्वास्थ्य संस्था, अस्पताल, हेल्थपोष्ट जस्ता सार्वजनिक विदाको दिनमा काम गर्नु पर्ने कार्यालयहरुमा कार्यरत कर्मचारीहरुले सार्वजनिक विदाको दिन काम गरे वापत सट्टा विदा पाउन सक्ने् छन् । र त्यस्तो विदा अर्को ३ महिना भित्रमा पालो मिलाई बस्नु पर्नेछ । भन्ने उल्लेख गरिएकोमा उक्त नियमको उपनियम (२) वमोजिम पालो मिलाई सट्टा विदा लिन नसकेको स्प्ट आधार बेगर विभिन्न पदाधिकारी एवं कर्मचारी हरुले समेत निम्नानुसारको सट्टा विदा वापतको रकम भुक्तानी लिएको देखियो । उक्त नियमको उपनियम (३) वमोजिम विदाको अभिलेख अद्यावधिक गरी, सट्टा विदा लिने व्यवस्था गरिनु पर्दछ । यसरी विदा नलिई सो वापत रकम भुक्तानी गरेको केही उदाहरण निम्न छन् ।

| भौ.नं.र मिति | कर्मचारी पद नाम, थर | सट्टा विदा वापतको रकम लिएको दिन | दर | महिना | करपछिको भूक्तानी रकम रु. |
|---|---|---|---|---|---|
| ८६/०७५/८/२५ | मे.अ.डा.सन्दिप ओखेडा | १० | ११४० | २०७५ माघ देखि जेष्ठ | ९७९० |
| ८६/०७५/८/२५ | मे.अ.डा शेर ब. साउद | २३ | ११४० | | २२२८७ |
| ८६/०७५/८/२५ | विजय राजवंशी | १९ | ७८३ | | १२६४६ |
| ८६/०७५/८/२५ | जनक राज जोशी | २४ | १०१६ | | २०७२६ |
| ८६/०७५/८/२५ | नारायण प्रसाद जोशी | १४ | ७८३ | | ९३१८ |
| ८६/०७५/८/२५ | शेर व. खाती | २७ | ७३९ | | १६९६० |
| ८६/०७५/८/२५ | राकेश कुमार सिंह | २१ | ७८३ | | १३९७६ |
| ८६/०७५/८/२५ | अमर सिंह भाट | २२ | ७३९ | | १३८१९ |
| ८६/०७५/८/२५ | गोपीलाल जैसी | २९ | ७३८ | | १८१९२ |
| ८६/०७५/८/२५ | दिर्घ वहादुर खड्का | २५ | १०१६ | | २१५९० |
| ८६/०७५/८/२५ | देव राज रताला | २४ | १०२६ | | २०७२६ |
| ८६/०७५/८/२५ | धन वहादुर वस्नेत | २८ | ७३९ | | १७५८८ |
| ८६/०७५/८/२५ | खगेन्द्र धामी | २६ | ७८३ | | १७३०४ |
| ८६/०७५/८/२५ | कमल राज जोशी | २७ | ७८३ | | १७९७० |
| ८६/०७५/८/२५ | हंश वहादुर भण्डारी | २७ | ७३९ | | १६९६० |
| ८६/०७५/८/२५ | अशु कठायत | २९ | ७३८ | | १८२१६ |
| ८६/०७५/८/२५ | लक्ष्मी शाही | २६ | १०१६ | कार्तिक देखि जेष्ठ मसान्त सम्म | २२४५४ |
| ८६/०७५/८/२५ | पशुपति भट्ट | २१ | १०१६ | | १८१३६ |
| ८६/०७५/८/२५ | सुनिता कोईराला | २९ | ७८३ | | १९३०१ |
| ८६/०७५/८/२५ | पुजा ऐडी | २२ | ७८३ | | १४६४२ |
| ८६/०७५/८/२५ | सरला कार्की | १८ | ७८३ | | ११९८० |
| ८६/०७५/८/२५ | वसन्ती जोशी | २७ | ७३९ | | १६८६० |
| ८६/०७५/८/२५ | सम्झना सिंह | १७ | ७३९ | | १६६७८ |
| ८६/०७५/८/२५ | जानकी दमाई | २० | ७३८ | | १२५४६ |
| ८६/०७५/८/२५ | जुना टमाटा | १५ | ७३८ | | ९४०९ |

| | | | | | |
|---|---|---|---|---|---|
| ३२७/२/१९ | आर्युवेद तर्फ विभिन्न कर्मचारी | - | - | | ८४६७८०.०० |
| **जम्मा** | | | | | **१२,५६,८५४/-** |

| | | |
|---|---|---|
| ६०. | **औषधि खरिद :** सार्वजनिक खरिद ऐन २०६३ को दफा २६(६) अनुसार बोलपत्र आह्वान गर्दा वोलपत्र दाताहरु वीच आपसमा मिलोमतो गरी वोलपत्र दाखिला गरेको प्रमाणित भएमा त्यस्ता वोलपत्रहरु रद्द गर्न सक्ने व्यवस्था गरेको छ नेपाल सरकारवाट निःशुल्क वितरण गरिने औषधि खरिदको लागि कार्यालयले ठे.नं. १।०७५।७६ वाट विभिन्न ८९ आईटमको लागि रु १५,००,०००।–को लागत अनुमान स्वीकृत गरी सो को ठेक्का व्यवस्थाको लागि शिलवन्दी दरभाउ पत्र आव्हान गरे वमोजिम दर्ता हुन आएको विभिन्न ३ वटा दरभाउपत्र मध्ये २ वटाले आवश्यक शर्त पुरा नगरी पेश गरेको र एउटाले लागत अनुमानको तुलनामा १.४२ प्रतशत अर्थात २१,३६६।–मात्र घटी कवोल अंक भएको दरभाउपत्र स्वीकृत गरी कार्यदेश दिएको देखियो । यसरी यस ठेक्का व्यवस्थाको मुल्यांकन गर्दा आपूर्तिकर्ता विच एक आपसमा सहमति नभई स्वतन्त्र प्रतिष्पर्धा भई कम भन्दा कम मूल्यमा ठेक्का लागेको अवस्था देखिएन । | |
| ६१. | **उ.उ.शि.नं.८०१३६१३ तर्फ :**<br>**वढी दरमा लागत अनुमान तयार गरेको :** आर्थिक कार्यविधि नियमावली २०६४ को नियम३६(३) को उपनियम ८ मा कुनै रकमको भुक्तानी दिंदा रित पुगे वा नपुगेको जाँच गर्नुपर्ने उल्लेख छ । ढुग्री राजकोट सडक मर्मतको लागि रु ४,९७,०१२।४०को लागत अनुमान स्वीकृत गरी खुला कोटेशनको माध्यमवाट पि.के. कन्स्टक्सनलाई रु ४,९५,१११।मा कार्य सम्पन्न गर्ने गरी संझौता गरे वमोजिम कार्यादेश दिएको देखिन्छ ।उक्त कार्यको लागत अनुमानमा धनगढी देखि ग्याविन वक्स ढुवानी गर्ने गरी लागत अनुमान तयार भएको र सो जिल्लाको दररेट अनुसार 2x1x1 र 3x1x1को क्रमश २,७३५।– र ३,८८१।–मा ढुवानी भाडा रु ३००। समावेश गर्दा क्रमश रु ३,०३५।– र ४,१८१।–को दरले क्रमश ८ र ७२ पिस ढुवानी गर्दा क्रमश २४,२८०।–र ३,०१,०३२।–ले जम्मा रु ३,४९,५९२।–उल्लेख गरी लागत अनुमान तयार गर्नु पर्नेमा प्रति गोटा क्रमश ३,२२४।–र ४,३३६।–ले गणना गरी लागत अनुमान तयार गरेको देखिएकाले वढी दरले गणना गरेको क्रमश रु १८९।–र १८५।–ले मु.अ. कर समेत रु १६,७६०।–ले वढी भुक्तानी हुन गएको रकम असुल हुनु पर्ने रु | १६,७६०।- |
| ६२. | **वित्तीय सामन्यीकरण तफ) :**<br>**मोटर साईकल खरिद :** यस नगरपालिका अन्तरगतका विभिन्न १० वडाको लागि १।१ वटा मोटरसाईकल र १ वटा वडाको लागि १ स्कुटर तथा नगरपालिकाको लागि १ मोटरसाईकल समेत १२ थान २ पाङग्रे सवारी साधन खरिद गर्न नगरपालिकाले छुट्टाएको वजेटको आधारमा प्रति थान मोटर साईकल मु.अ.कर समेत रु २,५०,०००,।– र स्कुटरको प्रतिथान रु १,९९,१२९।९५ समेत जम्मा रु २९,४९,१२९।९५ मा ढुवानी रु ६६,६६९।०१ समेत समावेश गरी रु ३०,१५,७९८।९६ को लागत अनुमान स्वीकृत भए वमोजिम ठेक्का व्यवस्थाको लागि वोलपत्र आव्हान गरे वमोजिम दर्ता हुन आएका विभिन्न ३ बोलपत्रमध्ये एउटाले धरौटी नराखेकोले प्रतिष्पर्धावाट हटाईएको र वांकी २ मध्ये दिनेश अटो मोटिभ्सले लागत अनुमानको तुलनामा २.२५ प्रतिशत अर्थात ६७,८५५।४७ नगन्य मात्र घटी कवोल गर्ने वोलपत्र दाताको कवोल अंक मु.अ.कर समेत रु २९,४७,९४३।४८को वोल पत्र स्वीकृत गरी संझौता भएको मितिले १५ दिन भित्र सप्लाई गर्ने गरी २०७५।१०।२९ मा संझौता भएको देखिन्छ । यसरी यस ठेक्का व्यवस्थाको मुल्यांकन गर्दा निर्माण व्यवसायी तथा आपुर्तिकर्ता विच एक आपसमा सहमति नभई स्वतन्त्र प्रतिष्पर्धा वाट कम भन्दा कम मूल्यमा सवारीसाधन सप्लाई भएको अवस्था देखिएन ।सो सम्वन्धमा देखिएका अन्य व्यहोरा निम्न छन् । | |
| ६२.१ | **पूर्वनिर्धारित क्षतिपूर्ति :** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२० मा कार्यालय र निर्माण व्यवशायी विच भएको संझौताको अवधि थप गर्नु पर्ने भएमा निर्माण व्यवसायीले उक्त संझौता कार्यान्वयनमा मनासिव कारण भएमा मात्र ६ महिना सम्म वोलपत्र स्वीकृत गर्ने अधिकारी र सो भन्दा वढी अवधि विभागीप्रमुखवाट थप गर्न सकिने व्यवस्था छ । साथै नियम १२१ अनुसार निर्माण व्यवसायी वा आपुर्तिकर्ताको ढिलाईको कारण वाट यथा समयमा काम | |

| | | |
|---|---|---|
| | सम्पन्न हुन नसकेमा संझौता रकमको १० प्रतिशत मा नवढ्ने गरी प्रतदिन संझौता रकमको ०.०५ प्रतिशतले हुने रकम पूर्व निर्धारित क्षति पूर्ति वापत लिएर मात्र म्याद थप गरी उक्त कार्य पुरा गर्नु गराउनु पर्ने व्यवस्था रहेको छ । निज आपूर्तिकर्ता संग भएको संझौता वमोजिम २०७५।११।१४ सम्म सवारी सवै सप्लाई गरी सक्नु पर्ने देखिन्छ ।तर उक्त तोकिएको अवधिमा सप्लाई गर्न नसकेको म्याद थपकोलागि निवेदन दिएकोमा म्यादथप नभएको र कार्यालयको अभिलेख अनुसार २०७५।१२।११मा मात्र दाखिला भएको देखिन्छ । निज सप्लायर्सले सप्लाई गर्नु पूर्व २०७५।११।१०को कर विजक जारी गरेको देखिन्छ । यसरी नियमको उक्त व्यवस्था वमोजिम म्यांद थप नभएको अवस्थामा निज आपुर्तिकर्ता बाट ढिला गरेको अवधि १५ दिनको ०.०५ प्रतिशतले हुने रु २२,१०९।–हर्जना लिनुपर्नेमा रु ३,८९५।– मात्र लिएको देखिएकोले घटी भएको रु १८,२१४।–निजवाट असुल हुनु पर्ने रु | १८,२१४।- |
| ६२.२ | **लागत अनुमान स्वीकृति :** सार्वजनिक निकायले खरिदको लागत अनुमान तयार गर्दा सार्वजनिक खरिद नियावली २०६४ को नियम ११ वमोजिम विभिन्न विकल्प हरुको आवश्यक विश्लेषण एवं तुलना गरी कम भन्दा कम मुल्यमा गुणस्तरीय सामान प्राप्त गर्न सक्ने गरी लागत अनुमान तयार गर्नु पर्ने देन्छि । कार्यालयले उपरोक्त वमोजिमको खरिदमा नियमावलीमा तोकीए वमोजिम को प्रकृया अवलम्वन नगरी सोझै प्राविधिक कर्मचारीको सिफरिसमा लागतअनुमान स्वीकृत गरेको छ । | |
| ६३. | **सामाजिक सुरक्षा तर्फ :** संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको प.सं.०७४।७५ च.नं.१०६४, २०७५।३।३ को सशर्त अनुदान रकम फिर्ता सम्बन्धी विषयको पत्र अनुसार विभिन्न तीन किस्तामा स्थानीय तहमा हस्तान्तरण भएको र सशर्त अनुदानमा मुख्यतया शिक्षा, स्वास्थ्य र कृषि पशुपंक्षी मन्त्रालय लगायतबाट प्राप्त भई आषाढ मसान्तसम्म खर्च हुन नसकेको रकम संघीय सञ्चित कोषमा दाखिला गर्नुपर्ने व्यवस्था छ ।यस शिर्षक तर्फ निकासा भएको रकम मध्ये विभिन्न वडाहरुमा भत्ता वितरणको लागि पेश्की दिएको रकम फछ्र्यौट हुंदा भत्ता वितरणमा वचत भएको रु १,३४,८००।–संघीय संचित कोषमा दाखिला गर्नु पर्नेमा स्थानीय संचित कोषमा दाखिला भएको देखियकोले उक्त रकम संघीय संचित कोष दाखिला गर्नु पर्ने रु | १,३४,८००।- |
| ६४. | **विना प्रतिस्पर्धा खरिदः** सार्वजनिक खरिद ऐन २०६३ को दफा ८(२) मा प्रतिष्पर्धा सीमित हुने गरी टुक्रा पारी खरिद गर्न नहुने तथा सार्वजनिक खरिद नियमावलीको नियम ८५ मा एक आर्थिक वर्षमा एकै पटक वा पटक पटक गरी सीमा भन्दा बढी रकमको वा एउटै व्यक्ति, फर्म, कम्पनी वा संस्थाबाट एक पटक भन्दा वढी सोझै खरिद गर्न नहुने उल्लेख छ । नमुना परीक्षण गर्दा कार्यालयले २०७५/०७६ मा देहाय बमोजिम रु.२५,६०,२६८/४६को छपाई, कार्यालय सामान, उपकरण आदि खरिद गरेको देखिएकोले अनियमित देखिएको रु. | २५,६०,२६८/४३ |

| गो.भौ.नं./मिति | व.उ.शि.नं. | आपूर्तिकर्ताको नाम | खरिद विवरण | रकम रु. |
|---|---|---|---|---|
| ५८ | ८०१३६१३ | पि.के.कन्स्टक्सन | ग्याविन खरिद | ४,९७,०१२/- |
| ७/७/२०७५/५/२२ | | सगुन ट्रेडर्स एण्ड सप्लायर्स | स्टेशनरी सामान | २,२८,५९९/- |
| ७६८/२०७६/३/३० | | सगुन टडेडर्स एण्ड अर्डर सप्लायर्स | ल्याप्टप खरीद | ७०,०६०/- |
| | | सगुन टडेडर्स एण्ड अर्डर सप्लायर्स | स्टेस्नरी सामान खरीद | ३,१७,८१२/५० |

| | | | | |
|---|---|---|---|---|
| ७६६/२०७६/३/३० | | गाडी मर्मत(राजश्व वाडफाड चालुबाट) | नेपाल अटो ट्रडर्स सप्लायर्स | ४,५३,५२५/५ |
| ८/२०७६/२/२७ | | मुनाल कन्स्ट्रक्सन | जिल्ला समन्वय समितिको कार्यालय घेरवार(स्थानीय पूर्वाधार विकास साझेदार) | ४,९८,०९२/५६ |
| ९/२०७६/२/२७ | | विनय निर्माण सेवा | जिल्ला समन्वय समितिको कार्यालय घेरवार(स्थानीय पूर्वाधार विकास साझेदार) | ४,९५,१६६/९० |
| | **जम्मा :** | | | **२५,६०,२६८/४६** |

६५. **पेश्की दिंदा लागत अनुमान :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६(५) मा सरकारी निकायबाट कुनै तालिम, गोष्ठि, कार्यशाला गोष्ठि आदि सञ्चालन गर्दा सो कार्यको कार्यक्रम तथा लागत अनुमान तयारी गरी अधिकार प्राप्त अधिकारीबाट स्वीकृत गराउनुपर्ने व्यवस्था छ । त्यस्तै स्वीकृत कार्यक्रम अनुरुप सञ्चालित तालिम, कार्यशाला, गोष्ठि आदि सम्पन्न भइसकेपछि कार्यक्रम अनुरुप कार्यसम्पन्न भए नभएको र त्यसमा खर्च गरिएका मालसामानहरुको विवरण तथा विल भरपाई सहितको खर्च देखिने गरी प्रतिवेदन तयार गर्नुपर्ने व्यवस्था रहेको छ । कार्यालयले २०७५/०७६ मा कृषि, शिक्षा, पशु र स्वास्थ्य सम्वन्धी कार्यक्रम सञ्चालन गर्न पेश्की माग गर्दाको वखत कार्यक्रम निर्देशिका अनुरुपका क्रियाकलापहरु निर्धारण गर्ने र स्वीकृत नर्म्स अनुसार लागत अनुमान तयार गरी स्वीकृत लागत अनुमानका आधारमा त्यस्ता तालिम, गोष्ठि सञ्चालन गर्नुपर्नेमा निवेदनका आधारमा पेश्की लिने, लिएको पेश्की फछ्र्यौट नगरी पुनः पेश्की दिने जस्ता कार्यहरु गर्दा कार्यक्रम निर्देशिका अनुरुपका क्रियाकलापहरु तोकिएको संख्या, नर्म्स र मापदण्ड अनुरुप सञ्चालन नहुने देखिएको छ । तसर्थ मौजुदा नियम, निर्देशिका र कार्यविधि बमोजिम कार्यक्रम सञ्चालन गरी लक्षित वर्गलाई वढीभन्दा वढी लाभन्वित तुल्याउने तर्फ कार्यालयले ध्यान पुऱ्याउनु पर्दछ ।

६६. **खाजा तथा ईन्धन :** आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ३६(३) मा विल भर्पाइ सहितको लेखा राख्नुपर्ने व्यवस्था रहेको छ । त्यसैगरी सोही नियमको उपनियम ८ मा कुनै रकमको भुक्तानी दिंदा रित पुगे वा नपुगेको जाँच गर्नुपर्ने उल्लेख छ । कार्यालयले यो वर्ष इन्धनमा रु. ६,२६,८९२।-, विविध खर्चमा रु २१,००,०००।- खर्च लेखेको छ । विविध खर्च शीर्षकबाट गरिएको खाजा तथा अतिथि सत्कार जस्ता खर्चहरुको विवरण संलग्न गरेको देखिदैन । विलको आधारमा भुक्तानी गरेकोछ । भने ईन्धन खर्च भुक्तानी गर्दा निजी सवारी साधनमा समेत ईन्धन कुपन उपलव्ध गराएको, लगवुक व्यवस्थित नरहेकोले खर्च उपयोगको सहि र वास्तविकतालाई पुष्ट्याई गर्न कठिन देखिन्छ । आन्तरिक नियन्त्रण प्रणाली बनाई व्यवस्थित गरेर यस्ता खर्चहरुलाई नियन्त्रण गर्न कार्यालयले विशेष ध्यान दिनुपर्दछ ।

६७. **हाट वजार सञ्चालन तथा घर भाडा :** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १२(२) मा नगरपालिकाले निर्माण, सञ्चालन वा व्यवस्थापन गरेको स्थानीय पूर्वाधार वा उपलव्ध गराएको सेवा उपयोग गरेवापत सम्वन्धित सेवा प्रदायक तथा सेवाग्राहीलाई सेवा शुल्क लगाउन सक्ने उल्लेख छ । यस नगरपालिकाले यो वर्ष कुनै ठेक्का लगाएको छैन । कार्यालय परीसर तथा अन्य स्थानको घर तथा जग्गाको भाडा दरमा विगत लामोसमय देखि भाडा दरमा पुनारावलोकन गरेको देखिदैन ।

६८. **नगर सभाको खर्च :** सार्वजनिक खरीद नियमावली २०६४ को नियम १९(१) मा रु.२०,०००।- भन्दा भाथिको कारोवारमा भ्याट विल जारी गर्नु पर्ने व्यवस्था छ । कार्यालयले यो वर्षको प्रथम नगर सभा सञ्चालन खर्च मध्ये रु.१३,६०,८५४।- को विभिन्न आपूर्तिकर्तालाई कोटेशन तथा सम्झौता वेगर एउटै फर्मको एउटै मितिको धेरैवटा विलहरुको भुक्तानी गरेको, मूल्य अभिवृद्धि

| | | |
|---|---|---|
| | कर विजक संलग्न नगरेको, स्रोतमा कर कट्टी नगरी भुक्तानी दिएको देखियो । उदाहरणको न्यू वेलकम टेन्ट हाउसको विल नं.२८७ देखि ३०० सम्म ३५१ देखि ३५४ सम्मका लगातारका विल प्रयोग गरेको देखिन्छ । त्यस्तै अन्यविलको भुक्तानी समेत प्यानविलका आधारमा जम्मा रु.१३,६०,८५४।- भुक्तानी गरेको अनियमित देखिएको रु. | १३,६०,८५४/- |
| ६९. | **पदाधिकारीहरुको वैठक भत्ता :** प्रदेश नं. ७ अन्तर्गतको स्थानीय तहका पदाधिकारी तथा सुविधा सम्वन्धी ऐन, २०७५ दफा ३,४,५र ६ तथा अनुसूचि १मा मासिक पारीश्रमिक तथा अन्य सुविधा सम्वन्धमा उल्लेख गरेको देखिन्छ ।तर पधाधिकारीहरुको वैठक भत्ता सम्वन्धमा कुनै रकम उल्लेख गरेको देखिदैंन । तसर्थ पदाधिकारी हरुलाई वैठक भत्ता भुक्तानी दिन मिल्ने देखिंदैन । कार्यालयले यो वर्ष नगर पालिकाले स्वयम निर्णय गरी नगर सभा वा नगरपालिकाको हकमा प्रति वैठक रु.१,५००।– र वडाको प्रति वैठक रु.१०००।– का दरले पदाधिकारीहरुलाई वैठक भत्ता वापत जम्मा रु. १३,७२,४२५।– भुक्तानी गरेको छ । स्थानीयतहका पदाधिकारीहरुले प्राप्त गर्ने सेवा तथा सुविधा सम्वन्धित प्रदेशको कानूनले निर्धारण गरेको रकमभन्दा वढी हुनेगरी तथा सो कानूनले नदिएको सेवा सुविधा प्रदान गर्न सक्ने आधार देखिदैन । सम्वन्धित प्रदेश कानूनले नदिएको सेवा सुविधा तथा बढी हुनेगरी कुनै पनि स्थानीय तहले आफैले निर्णय गरेर आफ्ना पदाधिकारीहरुलाई सेवा सुविधा प्रदान गर्न सक्दैन । तसर्थ प्रदेश कानूनले नदिएको पदाधिकारीहरुको सेवा सुविधा स्थानीय तहले आफ्नो निर्णयका आधारमा भुक्तानी गर्ने कार्य नियमसम्मत नहुने भएकोले त्यसरी भुक्तानी गरेको रकम रु. १३,७२,४२५।–असुल हुनु पर्ने देखिएको रु | १३,७२,४२५।- |
| ७०. | **पारिश्रमिक कर :** निम्न कमचारीहरुको आयकर ऐन २०५८ को दफा ८ अनुसारको जम्मा वार्षिक रोजगारी आय मा ऐन वमोजिम कट्टी गर्न पाउने अवकाश कोष कट्टी रकम,दुर्गमभत्ता छुट,विमा छुट पछिको कर योग्य आयमा ऐनको अनुसूचि १ को दफा १(२) तथा आर्थिक ऐन २०७५ अनुसार दम्पत्तीको हकमा पहिलो ४ लाख मा १ प्रतिशत र त्यस पछिको रु १ लाख सम्ममा १० प्रतिशत त्यस पछिको १ लाखमा २० प्रतिशतले हुने रु २९,५५६/-कर दाखिला गर्नु पर्नेमा यो वर्ष रु २१,९२१/- मात्र कर दाखिला गरेको देखिएकोले घटी दाखिला गरेको रु ७६४५ निजवाट असुल गरी वेरुजु वापतको राजस्व खाता दाखिला गर्नु पर्ने देखिएको रु | ७,६४५/- |

| **कर्मचारी को नाम** | **रोजगारीबाट प्राप्त जम्मा वार्षिक आय** | **छुट रकम** | **करयोग्य आय** | **दाखिला गर्नु पर्ने कर** | **दाखिला भएको** | **छुट भएको रकम** |
|---|---|---|---|---|---|---|
| मे.अ डा. अनुप जोशी | ७,५०,३८७/- | १,७२,६०२/४ | ५,७७,७८४/६० | २९,५५६/९२ | २१,९१२/- | ७,६४५/- |

| | | |
|---|---|---|
| ७१. | आन्तरिक राजस्व विभागको परीपत्र अनुसार संस्थागत वहाल कर सम्वन्धित निकायले आन्तरिक राजस्व कार्यालयमा दाखिला गर्नु पर्ने व्यवस्था गरेकोमा यस जिल्ला स्थित विभिन्न सरकारी कार्यालय तथा अन्य संस्थाहरुले उठाएको वहाल कर सम्वन्धित आन्तरिक राजस्व कार्यालयमा दाखिला गर्नु पर्नेमा सो वमोजिम नगरी यस नगरपालिकामा पठाएको देखिएकोले नगरपालिकाले आम्दानी देखाएको उक्त संस्थागत वहाल कर रु ८,७४,९०८।३५ वेरुजु वापतको राजस्व खातामा दाखिला गर्नु पर्ने रु | ८,७४,९०८।३५ |
| ७२. | **पदाधिकारी सुविधा :** नेपालको संविधानको धारा २२७ मा गाउँसभा तथा नगरसभाका सदस्यले पाउने सूविधाका सम्बन्धमा प्रदेश कानून बमोजिम हुने व्यवस्था अनुसार सुदुर पश्चिम प्रदेश संसदले स्थानिय तहका पदाधिकारी तथा सदस्यहरुको सूविधा सम्बन्धी ऐन २०७५ जारी गरेको छ । उक्त ऐनमा भएको व्यवस्था अनुसार नगरपालीकाले देहाय बमोजिम रु.७१०५२००/-सूविधा वापत भूक्तानी गरेको छ । | |

| सि. नं. | विवरण | प्रमुखरअध्यक्ष | उपप्रमुख | वडा अध्यक्ष ११ जना | कार्यपालिका सदस्य ८ जना | सभाका सदस्य ३५ जना | जम्मा |
|---|---|---|---|---|---|---|---|
| १ | वार्षिक सुविधा | ४२०००० | ३६०००० | २९०४००० | ८६४००० | २५२०००० | |
| २ | सञ्चार सुबिधा ( मासिक दरमा) | १९२०० | १८००० | ९२४०० | | | |
| | **जम्मा** | **४३९२००** | **३७८०००** | **२९०४०००** | **८६४०००** | **२५२००००** | **७१०५२००** |

७३. **पेश्की वाँकी :** आर्थिक प्रशासन नियमावली २०६४ को नियम ७८ मा अनुसार आर्थिक वर्षभित्र फछ्र्यौट गर्ने गरी कसैलाई पेश्की उपलव्ध गराउन सकिने व्यवस्था रहेको छ । कार्यालयले यो वर्ष देहाय बमोजिम विभिन्न कार्यको लागि जम्मा रु. १८३१८७८०।-पेश्की उपलव्ध गराएकोमा लेखापरीक्षण अवधिसम्म फछ्र्यौट गरेको देखिएन । तोकिएको अवधिभित्रै पेश्की फछ्र्यौट गर्नु गराउनु पर्ने रु १,८३,१८,७८०/-

| सि.नं. | मिति | पेश्कि लिनेको नाम | यस बर्षको पेश्कि |
|---|---|---|---|
| | | **कर्मचारी** | |
| १ | २०७६/०३/०९ | गोरखराज जोशी | ५०५००० |
| २ | २०७६/०३/०९ | गोरखराज जोशी | ३००००० |
| ३ | २०७६/०३/३० | गोरखराज जोशी | ९००००० |
| ४ | २०७५/११/१९ | इन्द्र वहादुर वोहोरा | १००००० |
| ५ | २०७५/०७/१३ | इन्द्र वहादुर वोहोरा | १००००० |
| ६ | २०७५/०७/२५ | राम बहादुर खडक | ६१००० |
| ७ | २०७५/१२/१६ | देवराज जोशी,चालक | ६००० |
| ८ | २०७५/०६/१९ | देवराज जोशी,चालक | २६००० |
| ९ | २०७५/११/१३ | इन्द्र वहादुर वोहोरा | २५००० |
| १० | २०७६/०२/२३ | रमेश बहादुर विष्ट | १००००० |
| ११ | २०७५/१०/०६ | कृष्ण प्रसाद जोशी | ३६५००० |
| १२ | २०७५/१०/०६ | कृष्ण प्रसाद जोशी | १००००० |
| १३ | २०७६/०३/११ | कृष्ण प्रसाद जोशी | १००००० |
| १४ | २०७५/११/१४ | देबराज जोशि कार्यालय सहयोगी | ८००० |
| १५ | २०७६/०२/२७ | गिता रावल | ८००० |
| १६ | २०७५/०८/१४ | कर्ण बहादुर सिंह | १००००० |
| १७ | २०७६/०३/०६ | मिना रेग्मी | २००००० |
| १८ | २०७६/०२/२३ | पार्वती जोशी | ८४२५० |
| १९ | २०७६/०३/३० | राजेन्द्र प्रसाद जोशी | १९७५३० |
| | | **कर्मचारी जम्मा** | **३२८५७८०** |

| | | | |
|---|---|---|---|
| १ | २०७५/०७/१४ | शहरी स्वास्थ्य इकाई छयाला | १२७५०० |
| २ | २०७५/१०/०९ | जिल्ला अस्पताल विकास समिति | ३००००० |
| ३ | २०७६/०३/३० | नारायण मावि पिमि | १८००००० |
| | | **फर्म, ठेकेदार** | 00 |
| १ | २०७६/०३/३० | पि.के. कन्स्ट्रक्सन | ३२७५०० |
| २ | २०७६/०३/०९ | मुनाल कन्स्ट्रकसन एण्ड | १७७४००० |
| ३ | २०७६/०३/०३ | मुनाल कन्स्ट्रकसन एण्ड | ६५७००० |
| ४ | २०७६/०३/०३ | नेहा कन्स्ट्रक्सन | ६४२००० |
| ५ | २०७६/०३/२५ | नबिन निर्माण सेवा | ६५५००० |
| ६ | २०७६/०३/२५ | आर्सिया डेभ्लोपर्स प्रा.लि. | ५४००००० |
| ७ | २०७६/०३/२५ | विमल निर्माण ट्रडस एण्ड सप्लार्य | ६५०००० |
| | | **कुल जम्मा** | **१,८३,१८,७८०/-** |

७४. **सम्परीक्षण :**आर्थिक कार्याविधि ऐन २०५५ को दफा १८ मा लेखापरीक्षणवाट औल्याएको वेरुजु सम्वन्धमा प्रमाण पेश गरी वा नियमित गराई वा असुल उपर गरी फछ्र्यौट गर्ने दायित्व जिम्मेवार व्यक्तिको हुने तथा दफा १९ मा महालेखपरीक्षकको कार्यालयवाट लेखापरीक्षण हुँदा औल्याइएको वेरुजु सम्वन्धमा सो वेरुजूको सूचना प्राप्त गरेको ३५ दिन भित्र सम्वन्धित कार्यालयले तोकिए वमोजिम फछ्र्यौट गरी सम्परीक्षण गराउनु पर्ने व्यवस्था छ । कार्यालयले हाल सम्मको वेरुजू बाँकीको लगत अद्यावधिक गरेको छैन । लेखापरीक्षणको अवधिमा कार्यालयले निम्नानुसार वेरुजू फछ्र्यौट गरी संपरिक्षणको लागि अनुरोध भै आए बमोजिम देहाय अनुसार रु.२६,८८,०००/- सम्परीक्षण गरीएको छ । लगत कट्टा भए पश्चात सो व्यहोराको जानकारी गराइनेछ ।

| **आ.व** | **दफा** | **सम्परीक्षणको लागि अनुरोध भएको रकम** | **सम्परीक्षण गरीएको रकम** | **सम्परीक्षणको व्यहोरा** |
|---|---|---|---|---|
| २०७३/०७४ | २२ | १००००० | १००००० | वडा कार्यालय कृष्ण प्रसाद जोशी पेश्की फछ्र्यौट |
| | २२ | १७९००० | १७९००० | बिपद ब्यावस्थापन कृष्ण प्रसाद जोशी पेश्की फछ्र्यौट |
| | २२ | १००००० | १००००० | बिपद ब्यावस्थापनडम्बर बहादुर सिंह पेश्की फछ्र्यौट |
| २०७३/०७४ | १८ | २३०९००० | २३०९००० | मोविलाइजेसन पेश्की फछ्र्यौट |
| **जम्मा** | | **२६८८०००** | **२६८८०००** | |

७५. **अनुगमन तथा परिक्षण :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४ ले बेरुजू फछ्र्यौट गर्नु पर्ने व्यवस्था गरेकोमा निम्नानुसार देखिएको छ : रु हजारमा

| गत वर्षको वेरुजू रकम (रु हजारमा) .A | यो वर्ष फछ्र्यौट (रु हजारमा) .B | बाँकी .C=A-B) |
|---|---|---|
| ४७४६ | २६८८ | २०५८ |

**अनुसूची- १**

## जयपृथिवि नगरपालीका सञ्चित कोष विवरण
## २०७५।७६

**(रु हजारमा)**

| स्थानीय तह | जिल्ला | गत वर्षको जिम्मेवारी | आय | | | | व्यय | | | | मौज्दात |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | समानीकरण अनुदान | सशर्त तथा अन्य बजेट अनुदान | अन्य आय | यस वर्षको जम्मा आय | चालु खर्च | पूँजीगत खर्च | अन्य खर्च | यस वर्षको जम्मा खर्च | |
| | | १ | २ | ३ | ४ | ५ (२+३+४) | ६ | ७ | ८ | ९ (६+७+८) | १० (१+५-९) |
| जयपृथिवि नगरपालिका | बझाङ | **४२००५** | १३६८९२ | ३०७९४७ | ७३१४६ | **५१७९८५** | ९३४६ | ११३५५६ | ३९२९७२ | **५१५८७४** | **४४११६** |

**अनुसूची– २**

## बेरुजू बर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)
## २०७५।७६

**(रु.हजारमा)**

| जिल्ला | स्थानीय तहको नाम | प्रारम्भिक बेरुजू | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | बाँकी बेरुजू | | | बाँकी बेरुजू | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | दफा स)ख्या | | रकम | दफा स)ख्या | | रकम | दफा स)ख्या | | रकम | असुल गर्नुपर्ने | नियमित गर्नुपर्ने | | | | | पेश्की | | |
| | | सैदान्तिक | लगती | | सैदान्तिक | लगती | | सैदान्तिक | लगती | | | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजश्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | कर्मचारी | अन्य | जम्मा |
| बझाङ | जयपृथिवि नगरपालिका | ५७ | २२ | २७७५३ | ० | ० | ० | ५७ | २२ | २७७५३ | ५३६२ | ३९२१ | १५१ | ०० | ०० | **९४३४** | ३२८६ | १५०३३ | १८३१९ |

**अनुसूची– ३**

## अद्यावधिक वेरुजू स्थिति
## २०७५।७६

**(रु.हजारमा)**

| क.स | स्थानीय तह | जिल्ला | गत वर्ष सम्मको बाँकी | यो वर्षको फछ्र्यौट | बाँकी | यो वर्ष सं.प बाट कायम भएको वेरुजू | यस वर्षको वेरुजू | कुल वाँकी वेरुजू |
|---|---|---|---|---|---|---|---|---|
| | जयपृथिवि नगरपालिका | **बझाङ** | **४७४६** | २५८८ | २०५८ | ० | २७७५३ | २९८११ |